# घोराही उप-महानगरपालिका

## नगर सभाको १३ औं अधिवेशन

## आर्थिक वर्ष २०८०/८१ का लागि

## नीति तथा कार्यक्रम

घोराही उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

**घोराही उपमहानगरपालिकाको नगरसभाको १३ औं अधिवेशनमा नगरसभा समक्ष नगर प्रमुख श्री नरुलाल चौधरी ज्यूबाट प्रस्तुत आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम।**

**नगरसभाका सदस्य ज्यूहरु,**

1. नागरिकहरुको घरदैलो मै रहेको स्थानीय सरकारको हैसियतले आर्थिक बर्ष २०८०/८१ को नीति तथा कार्यक्रम यस गरिमामय नगरसभामा प्रस्तुत गर्न पाउदा गौरवको अनुभूती गरेको छु। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाले बनाएको संघ, प्रदेश र स्थानीय सरकार अन्तरगत जनताहरु सँग प्रत्यक्ष जोडिएर आर्थिक, सामाजिक, भौतिक, साँस्कृतिक, कानुनी लगायत जनजिविकाका सवालहरुलाई संरक्षण, प्रवर्द्धन र रुपान्तरण गर्ने जिम्मेवारीका साथ हामी स्थानीय सरकार सञ्चालनमा छौं। विभिन्न क्षेत्रका सरोकारवालाहरु सँगको परामर्श, छलफल तथा प्राप्त सुझाबहरुलाई एकीकृत गरी आर्थिक बर्ष २०८०/८१ को नीति तथा कार्यक्रम तयार पारेका छौं।यसरी सुझाव दिनु हुने सम्पूर्ण नगरवासीहरुलाई धन्यवाद व्यक्त गर्न चाहान्छु।
2. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना र समाजको आमूल परिबर्तनका लागि विभिन्न कालखण्डमा राजनीतिक आन्दोलन, संघर्ष तथा क्रान्तिहरुमा आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। परिवर्तनसँग ती आन्दोलनहरुमा अग्रपंक्तिमा रहेर नेतृत्व गर्नुहुने सबै अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु।यसका साथै मूलुकको राजनीतिलाई संघीय शासन प्रणाली सहितको लोकतान्त्रिक गणतन्त्रको अभ्यासमा ल्याउन महत्वपूर्ण योगदान गर्नुहुने अग्रज एवं घाईते योद्धाहरु तथा वेपत्ता नागरिकहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु।

3. यस नगरको स्थापना कालदेखि नगरको चौतर्फि विकासमा भूमिका निर्वाह गर्नुहुने अग्रज व्यक्तित्वहरु प्रति उच्च सम्मान व्यक्त गर्दै उहाँहरुले पुर्याउनु भएको योगदानको स्मरण गर्दछु।

4. संबिधान बमोजिम शासन प्रणालीको नयाँ शासकीय संरचना र त्यसमा निर्दिष्ट ऐन कानुन निर्माणमा स्थानीय सरकारले पाएको अधिकारलाई घोराही उपमहानगरपालिकाले पूर्णरुपमा अबलम्बन गरेको छ। ऐन, कानुन, कार्यविधिहरु निर्माण गरी विभिन्न नीतिगत, कानुनी संरचनागत र व्यवस्थापकीय पक्षमा सुधार ल्याई नगरको कार्य सम्पादनलाई सेवा प्रबाह, सम्मृद्धि र विकास निर्माणका क्रियाकलापसँग जोडेर अघि बढाएका छौं।

**नगरसभाका सदस्य ज्यूहरु,**

5. अब म यस सम्मानित सभा समक्ष चालु आर्थिक वर्षसम्म हासिल भएका मुख्य मुख्य क्षेत्रगत उपलब्धीहरुको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

6. यस घोराही उपमहानगरपालिकाले आफ्नो कार्य व्यवस्थित गर्न स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी हालसम्म १०० वटा कानूनहरु निर्माण भई कार्यान्वयनमा रहेका छन जस मध्ये चालु आर्थिक वर्षमा विभिन्न क्षेत्रगत ऐन २ वटा, कार्यविधि १४ वटा गरी जम्मा १६ वटा कानूनहरु निर्माण भई जनअपेक्षा अनुरुपको विकास निर्माण एवं नागरिक मैत्री सेवा प्रवाहका माध्यमबाट सुशासनको प्रत्याभुत गराउन कानून निर्माणको यस उपलब्धीले विशेष टेवा पुगेको अनुभूति गरेको छु।

7. पहिलो स्थानीय तह निर्वाचन पश्चात हाल सम्म जम्मा १९७ वटा स्थानीय सडकहरुमा करीव १५० किलोमिटर सडक कालोपत्रे, १९७ किलोमिटर सडक ग्राभेल तथा स्तरोन्नति, १५५ किलोमिटर नयाँ सडक निर्माण, ४० किलोमिटर सडक नियमित मर्मत भएका छन भने ५० वटा स्थानीय पुल,

कलभर्ट निर्माण, २ वटा झोलुङ्गे पुल निर्माणले सवै वडाहरुलाई सहज सडक संजालले जोडी सामाजिक जीवनलाई सरल तुल्याएको छ यसले जनताको आर्थिक स्थितिमा सुधार भएको छ ।

8. नगरवासीहरुलाई स्वच्छ खानेपानी उपलब्ध गराउने उद्देश्य अनुरुप थप ३७०२ घरपरिवारलाई खानेपानी सुविधा उपलब्ध भएको छ।यस अवधीमा ८५ वटा कुवा निर्माण, ४८ वटा डिप बोरिङ निर्माण भई करिव ९६ प्रतिशत घरधुरीमा स्वच्छ खानेपानी सुविधाको पहुँच पुगेको कुरा यहाँहरु बिच राख्न चाहन्छु।

9. यसै बिचमा १९ वटा नयाँ पार्क निर्माण, १ वटा स्यानेटरी ल्यान्ड फिल साइटको निर्माण, ५९.९१ किलोमिटर ढल निर्माण, २८ किलोमिटर नदी नियन्त्रणको काम सम्पन्न भएको छ ।

10. वहुपक्षीय विकासमा टेवा पुर्याउने उद्देश्यका साथ ४३ वटा कृत्रिम जलाशय निर्माण, ६७५ हेक्टर जमिनमा साना सिंचाई कार्यक्रम मार्फत सिंचित भएको, ६ वटा वैकल्पीक उर्जा उत्पादनको लागि सोलार जडान र ७१ कि.मी. विद्युत प्रसारण लाइन विस्तार गरिएको छ। ५ वटा सौर्य उर्जा जडित प्लान्ट निर्माणले सिंचाईमा सुविधा भएको र कृषि उत्पादनमा वृद्धि लगायत पर्यावरण सन्तुलन, पर्या पर्यटनको विकास भई नगरवासीहरुको आर्थिक तथा समाजिक जीवन स्तरोन्नती भएको छ।

11. यस अवधिमा १३ वटा खेलकुद मैदान निर्माण, १ वटा हाटबजार व्यवस्थापन, १ वटा मुक्त कमलरी भवन निर्माण, स्तनपान कक्ष निर्माण,२१ वटा नयाँ विद्यालय भवन निर्माण, २१ वटा विद्यालयमा नयाँ कक्षाकोठा थप निर्माण तथा मर्मत २३ वटा स्वास्थ्य संस्था भवन निर्माण, ३ वटा योग हल निर्माण तथा मर्मत, २ वटा कभर्ड हल मर्मत, १ वटा ध्यान केन्द्र निर्माण, १४ वटा यात्रु प्रतिक्षालय निर्माण र ३९ वटा

सामुदायिक भवन निर्माण भएका छन्।यस बाट खेलकुद क्षेत्रको विकासमा टेवा पुगेको महसुस गरेको छु।

12. त्यसैगरी १ वटा सार्वजनिक शौचालय, ६ वटा मठ मन्दिर गुम्वा मदरसाहरुमा भौतिक निर्माण,४ वटा वडा कार्यालय भवन निर्माण र ३ वटा वडा कार्यालय भवन तथा कोठा मर्मत गरिएको ,खरको छाना विस्थापन कार्यक्रम अन्तर्गत हाल सम्म २९०० घरधुरी मा टीनको छाना लगाइएको छ।यस अवधिमा ४० किलोमिटर तारवार निर्माण,थप ९ वटा भुयाँरथान निर्माण भएको छ भने घोराही चोकको आकासे पुल निर्माणको डि.पि.आर. तयार भएको छ।

13. घोराही उपमहानगरपालिकाको एकिकृत सहरी विकास योजनाको कार्यान्वयन संगै क्षेत्रगत वार्षिक योजनाहरु तय गरी कार्यान्वयनमा ल्याइको छ।यसबाट नगर भित्र गरिने सबै क्षेत्रका विकास निर्माणका क्रियाकलापहरु स्थानीय आवश्यकता एवं प्राथमिकता बमोजिम चरणबद्ध रुपमा सम्पन्न हुने भई सबै क्षेत्रको दिगो एवं सन्तुलित विकासमा सघाउ पुग्ने र समुन्नत घोराही निर्माण गर्ने हाम्रो अभियानमा विशेष बल पुग्ने बिश्वास लिएको छु।

14. विकास निर्माण कार्यलाई सहज रुपमा सम्पन्न गर्न घोराही उपमहानगरपालिकाका वडा तहसम्म घोराही उपमहानगरपालिकाको आफ्नै ग्रेडर र रोलरको प्रयोग भइरहेको छ।

15. उपमहानगरपालिका स्तरीय अस्पताल स्थापनाका लागि सङ्घीय सरकार र प्रदेश सरकारसंग समन्वय गरी वडा नं ४ लक्ष्मीपुरमा १५ शैयाको अस्पताल निर्माणका लागि कार्य अगाडी बढाइएको छ।

16. विपन्न नागरिकलाई नि:शुल्क स्वास्थ्य सेवा प्रदान गर्ने नीति वमोजिम असहाय, अशक्त र आर्थिकरुपले विपन्न वर्गलाई मुटु, मृगौला प्रत्यारोपण,

क्यान्सर, कलेजोको रोगकोउपचारमा निश्चित आर्थिक सहायता प्रदान गरिएको छ साथै सरकारी अस्पतालमा निःशुल्क उपचारकोव्यवस्था मिलाइएको छ।

17. यस उपमहानगरपालिका क्षेत्रभित्र आधारभूत स्वास्थ्य सेवा निःशुल्करुपमा उपलब्ध भएको र विशेषज्ञ सेवा प्राप्त गर्न प्रेषण सेवा संचालन भएको छ।

18. सबै लिङ्ग, क्षेत्र र समुदाय भित्रका आर्थिक रुपले विपन्न,शारीरिक र मानसिक रुपले अशक्तहरुलाई स्वास्थ्य सेवा उपलब्ध भएको साथै कुनै पनि नागरिकलाई आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित हुन नदिन आवश्यक व्यवस्था मिलाइएको छ।

19. आयुर्वेद उपचार र वैकल्पिक चिकित्सा प्रणालीको समेत समुचित प्रयोग गरी प्रतिरोधात्मक, प्रवर्धनात्मक, उपचारात्मक सेवामा सबै नागरिकको सहजताका लागि रामपुर शहरी स्वास्थ्य प्रबर्द्धन केन्द्र र नारायणपुर शहरी स्वास्थ्य प्रबर्द्धन केन्द्र मार्फत आयुर्वेद सेवा उपलब्ध गराइएको छ। प्रदेश सरकारसंगको सहकार्यमा घोराही उपमहानगरपालिका, वडा नं. १५ उत्साह टोलमा नागरिक आरोग्य केन्द्र स्थापना गरी आयुर्वेदिक सेवाको विस्तार गरिएको छ।

20. ज्येष्ठ नागरिक (geriatric) सम्मान कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिक घरदैलो स्वास्थ्य शिविर उपचार कार्यक्रमबाट ७३४७ जनालाई सेवा प्रदान गरिएको छ।

21. संक्रामक महामारी रोग फैलन नदिन सेवा केन्द्रसम्म नै सतर्कता अपनाउनुका साथै आपतकालिन अवस्थामा तत्कालै परिचालन हुन सक्ने गरी टोली गठन गरिएको छ। साथै स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई व्यवस्थित बनाई तथ्यांकहरुको गुणस्तर र विश्वासनीयतामा अभिवृद्धि भएको छ।

22. उपमहानगरवासीहरुलाई बिशेष गरेर सिकलसेल एनेमिया, थाल्सेमिया, प्रसुती सेवा लगायत रगत आवश्यक पर्ने सबै विरामीहरुका लागि रगत निःशुल्क प्रदान गर्ने नेपाल रेडक्रस सोसाईटीको सहकार्यमा नगर प्रमुख नि:शुल्क रक्त संचार सेवा संचालन गरिएको छ ।

23. सुरक्षित सुत्केरी अभियानलाई प्रोत्साहन गर्न उप-महानगरपालिकाको तर्फबाट आमा खुत्रुके बचत कार्यक्रम लागु गरि प्रसुती अवस्थामा रु. १००० उपलब्ध गराइएको छ।

24. आर्थिक रुपले बिपन्न वर्गका जन समुदायलाई आकस्मिक स्वास्थ्य सेवाको लागि सुबिधायुक्त अस्पतालसम्मको पंहुच विस्तार गर्न उपमहानगरपालिकामा एम्बुलेन्स आकस्मिक कोषको स्थापना गरी संचालनमा ल्याइएको छ।

25. विपन्न नागरिक औषधी उपचार खर्च उपलब्ध गराउने कार्यविधि २०७८ बमोजिम सोही कार्यविधिमा तोकिएका रोगको नियमित उपचार खर्च वापत मासिक रु.५,०००।- उपलब्ध गराउने कार्यक्रम अन्तर्गत गरिब परिवार परिचयपत्र बाहक ७ जनालाई नियमित उपचार खर्च उपलब्ध गराइएको छ ।

26. नियमित संचालनमा रहेका बाहय खोप केन्द्र गाउँघर क्लिनिकलाई थप व्यवस्थित गरिएको छ।

27. प्रजनन रुग्णता कार्यक्रम अन्तर्गत पाठेघरको जाँच (VIA) कार्यक्रम अन्तर्गत १०३३ जनालाई सेवा प्रदान गरिएको।

28. स्वास्थ्य सेवा तर्फ राप्ती आँखा अस्पताल तुलसीपुरको प्राविधिक सहयोगमा चालु आर्थिक वर्षमा थप १४४ गरी हालसम्म जम्मा ४८५ जना मोतियाबिन्दुको निःशुल्क शल्यक्रिया, नगर प्रमुख नि:शुल्क रक्त संचार कार्यक्रम अन्तर्गत थप ४५ गरी हालसम्म २०५ जनालाई निःशुल्क रगत

प्रदान, १७५ जना उपप्रमुख खुत्रुके बचत कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित भएका छन भने ७,३४७ जना जेष्ठ नागरिकले घरदैलो कार्यक्रम मार्फत घरमै स्वास्थ्य सेवा प्राप्त गर्नु भएको छ।त्यस्तै पिएनसी भिजिट कार्यक्रम, निःशुल्क औषधी बितरण कार्यक्रम, खोप कार्यक्रम, आमा सुरक्षा कार्यक्रम, परिवार नियोजन कार्यक्रम सम्पन्न भएका छन।

29. घोराही उपमहानगरपालिकाका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार ल्याउन १ वडा १ नमूना विद्यालयको अवधारणा अगाडी बढाइ शैक्षिक पूर्वाधार तथा जनशक्तिको व्यवस्थापन गरिएको छ।

30. घोराही उपमहानगरपालिकामा संस्कृत भाषाको पठनपाठनका लागि वडा नं. ७ स्थित माता पवित्रादेवी सांगवेद संस्कृत आधारभूत विद्यालयलाई नमूना विद्यालयको रुपमा अगाडी बढाइएको छ।

31. उपमहानगरपालिकाको खेलकुदको विकासको लागि नगरस्तरीय खेलकुद विकास समिति गठन भएको छ।

32. मा.वि. तथा नि.मा.वि.का अंग्रेजी, विज्ञान, गणित तथा सामाजिक विषयका १६० जना विषयगत शिक्षकहरुको लागि सूचना तथा संचार प्रविधि (ICT) सहितको क्षमता विकास तालिम दिइएको, बाल विकास स्तरउन्नतीको लागि २५ वटा विद्यालयहरुमा बाल विकास सामाग्री वितरण तथा बालविकास सहजकर्ताहरुको क्षमता विकास तालिम, वडास्तरीय मेयरकप फुटवलप्रतियोगिता र विद्यालयस्तरीय उपमेयर कप छात्रा भलिवल प्रतियोगिता सञ्चालन गरिएको छ।

33. स्थानीय पाठ्यक्रमको निर्माण यसै शैक्षिक सत्रबाट लागू भएको छ।घोराही उपमहानगरपालिका भित्र स्थायी रुपमा बसोबास गर्ने १ चिकित्साशास्त्र तथा १ इन्जीनियरिङ पढ्ने छात्राछात्रलाई छात्रबृत्ति प्रदान गरिएको छ।

34. रात्री प्रा वि वेलुवालाई थारु भाषाको नमूना विद्यालयको रुपमा छनौट गरिएको तथा आवश्यक पाठ्यपुस्तकको निर्माण गरी यसै शैक्षिक सत्रबाट लागु गरिएको छ।

35. पशु सेवा तर्फ ५० प्रतिशत अनुदानमा ४ वटा भैसी गोठ सुधार ४ वटा बाख्रा खोर सुधार २ वटा बंगुर खोर सुधार कार्यक्रम सम्पन्न भएका छन।त्यसैगरी ९४ हेक्टर जमिनमा वर्षिम घाँस र ७ हेक्टर जमिनमा पुग्ने जैं घाँस विउ वितरण भई घाँसको उत्पादनबाट दुध र मासुको उत्पादनमा वृद्धी भएको, एक लाख माछाका भुरा वितरण कार्यक्रम सम्पन्न भएका छन्।

36. आन्तरिक र बाह्य परजिवि नियन्त्रण कार्यक्रमबाट करिब ५०० पशुपंछीलाई लम्पिस्किन रोग विरुद्धको खोप प्रदान गरीएको छ।

37. पलास्टिक जर्किन विस्थापन गर्न ४७ वटा मिल्क क्यान वितरण गरिएको छ।

38. प्रधानमंत्री रोजगार कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षमा १,०१५ जना व्यक्तिहरु बेरोजगार सुचीमा सुचिकृत भई ३६ वटा आयोजनामा ११३ जना व्यक्तिहरु प्रत्यक्ष रुपमा संलग्न भएका छन।कार्यक्रम लागू भएदेखि हालसम्म १,५७४ जना बेरोजगार व्यक्तिहरु प्रत्यक्ष रुपमा लाभान्वित भएका छन। साथै रोजगार सेवा केन्द्र मार्फत वैदेशीक रोजगारीको श्रम स्वीकृतीका लागि ९ जनाले आवेदन दर्ता गरी श्रम स्वीकृती लिएका छन्।

39. कृषि तर्फ कृषि समूह /सहकारी मार्फत ८५ प्रतिशत अनुदानमा ३० वटा साना सिंचाई योजना सञ्चालित, कृषि यान्त्रिकरण अन्तर्गत ५० प्रतिशत अनुदानमा ६२ जना किसानलाई पावर टिलर, ३६ जनालाई मिनि टिलर २० जनालाई रिपर ३ जना किसानलाई रोटाभेटर १ जना किसानलाई गहुँको थ्रेसर विक्रि वितरण, विभिन्न बालीको पकेट क्षेत्र निर्धारण तथा

कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा धान २ र मकै २ गरी ४ स्थानमा संचालनमा रहेको छ। त्यसै गरी वीउ उत्पादन गर्ने समूह/सहकारीहरुलाई अनुदानमा मूल वीउ (धान, गहु, मकै र तोरी) ६० प्रतिशत अनुदानमा ४००० केजी तोरी विउ, २०००० केजी गहुँको वीउ वितरण गरिएको छ। साथै विभिन्न उन्नत जातका तरकारीका विउ शत प्रतिशत अनुदानमा ७५१ जना कृषकलाई उपलब्ध गराइएको छ।

40. गहुँको उन्नत विउ ५० प्रतिशत अनुदानमा २३२ जनालाई, प्याजको विउ ४३९ जनालाई, त्यसैगरी फलाम स्ट्रक्चर पलास्टिक टनेल ७५ प्रतिशत अनुदानमा १६ जना कृषकलाई वितरण गरिएको छ।
41. वन वातावरण तथा विपद् व्यवस्थापन तर्फ सुरक्षित आवास कार्यक्रम अन्तर्गत क्षेत्र नं. १ अन्तर्गत १६२ र क्षेत्र नं. २ अन्तरगत ३२८ गरी जम्मा ४९० वटा घरहरु निर्माण भएका छन्।
42. आपतकालिन कार्य संचालन केन्द्रका लागि आवश्यक सामग्री खरिद, तटबन्धनका लागि चालु आर्थिक वर्षमा ५०० मिटर तारजाली खरिद गरि जोखिममा रहेका कृत्रिम जलाशय क्षेत्र वरीपरी तारजाली लगाउने कार्य सम्पन्न गरिएको छ।
43. खरको छानो विस्थापन कार्यक्रमबाट ६०० घरधुरी लाभान्वित भएको छ।
44. उपमहानगरपालिका क्षेत्र भित्र रहेका सरकारी जग्गा, सम्भावित वन क्षेत्र र नदी खोला किनारामा वृक्षरोपण गरिएको छ। ढुङ्गा, गिट्टि, बालुवाको उत्खनन कार्यलाई व्यवस्थित र वातावरणमैत्री बनाई प्राकृतिक स्रोतको अनियमित दोहनलाई रोकथाम गर्न घोराही उपमहानगरपालिका संक्षिप्त वातावरण मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७७ तर्जुमा गरि लागु गरिएको छ।

45. न्यायिक समितिमा आर्थिक वर्ष २०७९/०८० मा दर्ता भएका १२२ र सरी आएका २१ गरी जम्मा १४३ विवादका मुद्दाहरु मध्ये ८४ वटा मुद्दाहरु मिलापत्र भई फछर्यौट भएका छन्।

46. डिभिजन सहकारी कार्यालयबाट हस्तान्तरण गरिएका १८६ वटा अव्यवस्थित फाइलहरुलाई नयाँ ढंगले व्यवस्थित गरिएको छ।

47. जिल्ला सहकारी संघ वचत संघ लगायतका संस्थाहरुसँग समन्वय गरी नगरक्षेत्रमा रहेका सहकारी संस्थाहरुलाई व्यवस्थित गरिएको छ।

48. सहकारी संस्थाहरुको विनियम अध्ययन गरी संस्था दर्तामा सहजीकरण गरिएको छ। साथै COPOMIS प्रणाली सञ्चालनमा ल्याइएको छ।

49. घोराही उपमहानगरपालिका भित्र संचालित सहकारी संस्थाहरु सँगको सहज समन्वयको लागि ११२ वटा सहकारी संस्थाहरुलाई नेपाल टेलिकमको प्रिपेड सिमकार्ड उपलब्ध गराइएको छ।

50. यस आर्थिक वर्षको अन्त सम्म आई पुग्दा सामाजिक सुरक्षा वापत भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्या १७ हजार ५ सय ३७ रहेको छ र उहाँहरुले बैंक मार्फत चालु आर्थिक वर्षमा रु. ५७ करोड ३५ लाख २१ हजार ४ सय ५५ रुपैया भुक्तानी प्राप्त गर्नु भएको छ।घोराही उपमहानरपालिकामा रहेका व्यक्तिगत घटनादर्ता डिजिटाइजेशन भई प्रतिलिपि दिने कार्य सहज भएको छ। हाल १९ वटै वडा कार्यालयहरुबाट अनलाईन घटना दर्ता कार्य संचालन भइरहेको छ।

51. घोराही उपमहानगरपालिका वजार क्षेत्रबाट निस्कने गल्ने फोहर व्यवस्थापन गर्न वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसँगको संझौता अनुसार घोराही उपमहानगरपालिका वडा नं. १६ करौंती डाँडामा वायोग्याँस निर्माण कार्य सम्पन्न भई ग्याँस वितरणको कार्य शुरु भएको छ।

52. सरसफाईमा कृषक तथा व्यवसायीहरुलाई प्रोत्साहन गर्न एकिकृत वधशाला निर्माण कार्य घोराही उपमहानगरपालिका कपासी वगिया टोलमा सुरुवात भई निर्मानाधिन प्रक्रियामा रहेको छ।घोराही चोक देखि कटुवाखोला र घोराही प्यूठान सडक खण्डको नवलपुर टोल सम्म ग्रिनवेल्ट निर्माण गरिएको छ।

53. स्रोत मै फोहर वर्गिकरणको लागि १२०० वेस्टविनहरु बजार क्षेत्रका वडा नं. १४ र १५ का टोल विकास संस्था अन्तर्गत रहेका घरधुरीहरुलाई वितरण गरिएको छ।गल्ने फोहर व्यवस्थापन अन्तर्गत कच्चा पदार्थ संकलन गर्नका लागि १० वटा मेटल विन खरिद गरिएको छ।

54. **"फाल्ने छैनौ बाहिर फोहर, हुनेछ घोराही सफा शहर"** भन्ने नाराका साथ प्रत्येक घरधुरीलाई जागरुक बनाइ पूर्ण सरसफाईयुक्त नगर घोषणा गर्न सामाहिक सरसफाई अभियान संचालन गरिएको छ।

55. सार्वजनिक स्थानमा छरिएर रहेका पशु चौपायाले सडक दूर्घटना र वातावरण तथा सरसफाईमा समस्या सिर्जना गरेकाले ति सामुदायिक पशु चौपायालाई व्यवस्थित गर्न घोराही-२ चाक्लीघाटमा गौशाला निर्माण गरी छाडा चौपाया व्यवस्थापन गरिएको छ।

56. सरसफाईको क्षेत्र विस्तारसँगै वडा नं. ३, ४, १०, १२, १७ र १८ मा थप नयाँ रुट निर्धारण गरी कार्यान्वयनमा ल्याइएको छ।

57. सूचना प्रविधिको प्रयोगलाई बढाउँदै सबै वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु, सेवा केन्द्र तथा इकाईहरुमा सूचना प्रविधि उपकरण तथा इन्टरनेट जडान भई विद्युतीय शासन सँग सम्बन्धित इ-सेवाहरु, अनलाईन घटना दर्ता, अनलाइन सफ्टवेयर मार्फत राजस्व संकलन लगायतका सेवाहरु वडा स्तर मै संचालन भई नगरवासीहरुलाई सहज रुपमा सेवा प्रदान गरिएको छ। अधिकांश विद्यालयहरुमा ICT Lab स्थापना

भई विद्यार्थीहरुलाई कम्प्युटरमा आधारित शिक्षण विधि संचालन गरिएको छ।

58. वेबसाइट, ग्रुप एस.एम.एस., डिजिटल हेल्प डेस्क, मल्टीमिडिया, सामाजिक संजाल लगायतका माध्यमहरु प्रयोग गरि सूचना प्रवाहलाई अद्यावधिक एवं प्रवाभकारी बनाइएको छ।
59. रेडियो कार्यक्रम, टेलिभिजन कार्यक्रम तथा छापा लेखको माध्यमबाट आम नगरवासीलाई सु-सूचित गराउनुका साथै जनतासंग स्थानीय सरकारको सम्बन्ध बिस्तार गरिएको छ।
60. आवधिक रुपमा नियमित सार्वजनिक सुनुवाईका कार्यक्रमहरु संचालन गरी सार्वजनिक जवाफदेहिता प्रवर्द्धन भएको छ।
61. विभिन्न सूचना प्रविधि प्रणाली तथा सफ्टवेयरहरुको स्थापना तथा कर्मचारीहरुको सूचना प्रविधि सम्बन्धी सीप विकास गरी कार्यालयको सेवाहरु सूचना प्रविधि मैत्री बनाई सुशासनको लागि विद्युतीय शासनको प्रयोगमा जोड दिइएको छ।कर्मचारीहरुको कार्यालयमा उपस्थितिलाई अनुशासित तथा जवाफदेही बनाउन ई-हाजिरीको व्यवस्था गरिएको छ।
62. त्रैमासिक तथा वार्षिक रुपमा योजना तथा कार्यक्रहरुको प्रगतीको समिक्षा मार्फत सुधार गर्नु पर्ने पक्षहरुको पहिचान गरी नीति तथा कार्यक्रममा समावेश भई कार्यान्वयन भएका छन्।
63. स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन, वित्तिय जोखिम न्यूनिकरण, स्वत: प्रकाशन लगायतका संस्थागत सुधारका कार्यहरु सम्पन्न भएका छन । साथै सूचनाको हक अन्तर्गत चालु आर्थिक वर्षमा लिखित रुपमै सूचना माग गर्ने ११ जना व्यक्तिलाई सूचना उपलब्ध गराइएको छ।

64. पत्रकारहरुको क्षमता विकास कार्यक्रम र नगर रेडियो कार्यक्रमहरु संचालन गरिएको छ। यसै अवधीमा सूचना प्रवाह तथा अभिलेख व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ र सार्वजनिक जवाफदेहिता प्रवर्द्धन कार्यविधि, २०७७ निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ।

65. उपभोक्ताको हितको लागि नियमित बजार अनुगमन, खाद्य बस्तुको परिक्षण लगायतका कार्यहरुको अतिरिक्त उपभोक्ता हित सम्बन्धी कानून निर्माण र उपभोक्ता सचेतना कार्यक्रमहरु संचालन भएका छन्।

66. मानव स्वास्थ्यमा प्रत्यक्ष असर पुर्‍याउने सुर्ति तथा मदिराजन्य वस्तुहरुको भ्रमपूर्ण विज्ञापनको अनुगमन गरी त्यस्ता किसिमका विज्ञापनलाई नियन्त्रण गर्ने कार्य गरिएको छ।

67. आम उपभोक्ताहरुको अधिकारलाई सुनिश्चित गर्दै पीडित उपभोक्तावाट आएका उजुरीहरुको सम्बोधन मार्फत उपभोक्ता गुनासो ब्यबस्थापन गर्ने कार्य गरिएको छ।नगरभित्र चल्ने तिन पाँग्रे सवारी साधनको भाडादर निर्धारण गरी कार्यान्वयनमा ल्याउन पहल गरिएको छ।

68. संघीय सरकारको गरिब घरपरिवार पहिचान कार्यक्रम अन्तरगत पहिचान गरिएका ४८११ गरिब घरपरिवारहरुलाई परिचय पत्र वितरणको कार्य सम्पन्न गरिएको छ।

69. नगरको मुख्य मुख्य सडकको दाया बाँया सडकपेटीमा संचालित फुटपाथ तथा नाङ्ले व्यापारीहरुलाई व्यवस्थित गर्नुका साथै सडकपेटी र सडक मिचेर टहरा निर्माण गरी संचालन भएका अब्यस्थित व्यापार नियमन गरी व्यवस्थित गर्ने कार्य गरिएको छ।

70. कृषकहरुको उत्पादनलाई बजारमा सहज विक्री वितरण गर्न कृषिउपजबजार व्यवस्थापन समितिमार्फत कृषि हाटबजारमा सहज पहुँच निर्माण गरिएको छ ।

71. लघु उद्यमीहरुबाट उत्पादित बस्तुको बजार प्रबर्द्धनका लागि १ वटा साझा सुविधा केन्द्र विक्रीकक्ष कोशेली घर निर्माण गरिएको छ।

72. गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम मार्फत नयाँ लघु उद्यमीहरु ८९जना र पुराना उद्यमीहरु ५२ जनालाई स्वरोजगार सिर्जनाका लागि प्राविधिक एवं व्यवस्थापकीय सेवा प्रदान गरिएको छ।जसबाट गरिब परिचयपत्र प्राप्त ७३ जना बेरोजगार युवायुवतीलाई उद्यमशीलता विकास, बधियाभाले बनाउने तथा अन्य सीपमूलक तालिम प्रदान गरिएको छ।

73. सीपविकास तालिम पश्चात बाख्रापालन उद्यमीलाई दाना र घाँस खुवाउने टाँट्नो तथा बेमौसमी तरकारी खेती गर्ने उद्यमीलाई विउविजन र स्प्रे ट्याङ्की तथा सिँचाइ मोटर उपलब्ध गराइएको छ।

74. घोराही उपमहानगरपालिकामा व्यवसाय दर्ता तथा नविकरणका लागि राजस्व गस्ती सम्बन्धी कार्यविधि २०७९ तथा व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि निर्माण गरी राजश्व गस्ती मार्फत ४९५ भन्दा बढी व्यवसायहरुको अनुगमन गरी व्यवसाय दर्ता गरिएको छ।

75. हालसम्म करको दायरामा आउन नसकेका ठूला उद्योग व्यवसायीलाई करको दायरामा ल्याउन सफलता प्राप्त भएको छ।

76. आन्तरिक राजस्व संकलनको लक्ष्य १२ करोड ३४ लाख रहेकोमा चालु आर्थिक वर्षको जेष्ठ मसान्तसम्ममा १७ करोड ६० लाख अर्थात लक्ष्य भन्दा ४२ प्रतिशत बढी आन्तरिक राजस्व संकलन गर्न सफल भएको छ ।

77. महिलाहरुका लागि सिप विकास तालिम, वीउ पुजि तथा मेशिनरी औजार बितरण कार्यक्रम, लैङ्गिक हिंसा बिरुद्ध क्षमता विकास तालिम, बेवारिसे मानव व्यवस्थापन, टोल विकासका महिलाका लागि प्रजनन स्वास्थ्य सम्बन्धी तालिम, सडक तथा जोखिममा रहेका बालबालिका

उद्धार तथा पुनर्स्थापना, अपाङ्गता भएका ब्यक्तिहरुलाई सहायक सामाग्री वितरण, मुक्त कमलरीहरुलाई क्षमता अभिवृद्धि कार्यक्रम, अपाङ्ग परिचयपत्र बितरण कार्यक्रम, जेष्ठ नागरिक परिचय पत्र बितरण कार्यक्रम लगायत महत्त्वपूर्ण कार्यक्रमहरु संचालन भएका छन्।

78. सामाजिक विभेदको न्यूनीकरण गर्न छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, लैङ्गिक विभेद र हिंसाका घटनाहरु न्यूनीकरणका लागि टोल विकास संस्थाहरु तथा सबै क्षेत्रमा सामाजिक परिचालन कार्यक्रम सञ्चालन भएको छ।

79. सामाजिक सुरक्षा तथा संरक्षणका लागी बालबालिका पुनस्थापना केन्द्र, जेष्ठ नागरिक आश्रय केन्द्र, अशक्त स्याहार केन्द्र स्थापना र सञ्चालनका लागि आवश्यकता अनुसार केन्द्रहरु स्थापना गरी सडक बालबालिका पुनस्थापना केन्द्र, वालगृह, बाल सुधार गृह, जेष्ठनागरिक दिवा सेवा केन्द्र, अशक्त वेवारिसे मानवका लागि मानव कल्याण समाज सेवा घर, हिसा प्रभावितका लागि महिला सेवा केन्द्र, वृद्ध अश्रम, लागू औषध दुर्व्यशनीवाट प्रभावीत भएका व्यक्तिका लागि पुनस्थापना केन्द्र ,अपांगता भएका व्यक्तिका लागि पुनस्थापना केन्द्र, जस्ता संरक्षणमा आधारित केन्द्रहरुसँग सहकार्यमा कार्यक्रम सञ्चालनमा रहेको छ।

80. पर्यटन तथा संस्कृती प्रवर्द्धन तर्फ भूँयारथान निर्माण, विभिन्न जातजातिहरुसँग सम्बन्धित साँस्कृतिक पर्वहरु जस्तै माघी मिलन कार्यक्रम, भूम्या नाच कार्यक्रम तथा सारङ्गी दिवसका लागि आवश्यक सहयोग गरिएको छ । साथै परम्परागत नृत्य एवं बाजा संरक्षणका लागि सामग्री सहयोग, पर्यटकीय सम्पदाहरुको जानकारीमूलक फोटो, पोष्टर, बुकलेट क्यालेण्डर प्रकाशन गर्ने कार्य सम्पन्न भएको छ।

81. यस उपमहानगरपालिकामा संचालित सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत बैदेशिक रोजगारमा जान चाहनेहरुका लागि सूचना तथा सीपमा पहुँच कार्यक्रम लगायत विविध कार्यक्रमहरु सम्पन्न भएका छन।आप्रवासी स्रोत केन्द्रमा प्राप्त भएका जम्मा १५९ उजुरी मध्ये ५५ वटा समाधान भई आर्थिक सहायता तथा उजुरी सहजीकरणबाट जम्मा १ करोड ३८ लाख ५८ हजार रकम असुली भएको छ।

82. सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत अन्तरपालिका समन्वयात्क कार्यक्रम नियमित रुपमा संचालन गरिएको छ।

**नगरसभाका सदस्य ज्यूहरु,**

83. अब म आर्थिक वर्ष २०८०।८१ को लागि अख्तियार गरिने नीति तथा कार्यक्रम सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

84. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, दिगो विकास लक्ष्यहरु, नेपाल सरकारको पन्ध्रौ योजनाको मार्गदर्शन, संघ तथा प्रदेश सरकारको मार्गदर्शन तथा प्राथमिकताहरु र उपमहानगरपालिकाको एकिकृत सहरी विकास योजना र आफ्नै विशिष्ट संभाव्यता एवं आवश्यक्ता समेतलाई आधार मानी नगरवासी आमाबुबा, दिदीबहिनी, दाजुभाईहरुबाट व्यक्त भएका जनचाहनाहरु तथा विभिन्न विषयगत क्षेत्रसँग सम्वन्धित सरोकारवाला तथा विज्ञहरुबाट प्राप्त सुझावहरु समेतलाई समेटदै आर्थिक वर्ष २०८०/८१ का लागि निम्न बमोजिमका नीतिहरु अबलम्बन गरिनेछ।

85. कृषि क्षेत्र सम्वृद्धीको मुख्य आधार रहेकोले खाद्यान्नबालीको उत्पादन र उत्पादकत्व वृद्धि गरी निर्यात प्रवर्द्धन तथा तरकारीमा आत्मिनिर्भर हुने गरी मूल बिउ तथा उन्नत बिउ (धान, गहु, मकै, तोरी, मसुरो, प्याज र आलु) मा कृषकलाई दिईदै आएको अनुदानलाई निरन्तरता दिइनेछ।

86. कृषियोग्य जमिनमा सिंचाई सुविधा विस्तार गर्न अधुरो रहेका डिप बोरिङ सञ्चालनमा प्राथमिकता दिइनुका साथै थप सिंचाइ बोरिङ निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

87. माटोको गुणस्तर ह्रास हुन नदिन माटो परीक्षण गरी गुणस्तर सुधारका कार्यक्रम सञ्चालन गरिनेछ। साथै रसायनिक मलतथा रासायनिक विषादीको प्रयोगलाई न्यनीकरण गर्न सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

88. प्राङगारिक मल तथा जैविक विषादी उत्पादन तथा प्रयोगमा किसानलाई प्रोत्साहन गरी प्राङगारिक तथा अर्गानिक उत्पादनलाई प्रोत्साहन गरिनेछ।

89. बेमौसमी तरकारी खेतीका लागि फलाम स्टक्चर, प्लाष्टिक टनेल, कृषि साना सिचाई कार्यक्रममा दिईदै आएको अनुदानलाई  निरन्तरता दिइनेछ।

90. सूचना प्रविधिको माध्ययमबाट कृषकहरुलाई कृषि सम्बन्धी सूचना उपलब्ध गराउन तथा कृषकका समस्या समाधान गर्न **घोराही कृषि मोवाइल एप** तयार गरी कार्यान्ययनमा ल्याइ **किसान परिचयपत्र**को समेत व्यवस्था गरिनेछ।

91. साना सिंचाई पुर्वाधार जस्तै मोटर, पाईप, पम्पिङसेट, स्पिङकलर, थोपा सिंचाई, पानी संकलन पोखरी, कृत्रिम जलाशय,ईनार कुवा,पक्कीकूलो बाँध निर्माण आदिको निर्माण तथा जडानमा लक्षित समूहलाई विशेष सुविधा दिइनेछ।

92. बजारको माग अनुसारको उपयूक्त परिमाण र गुणस्तरमा कृषि वस्तु उत्पादन गर्ने **बृहत उत्पादन क्षेत्र** विकास गरिनेछ। यस्तो पकेट क्षेत्रमा तुलनात्मक लाभ भएका कृषि वस्तुहरुको उत्पादनमा प्राथामिकता दिइनेछ।यस्ता क्षेत्रमा प्रविधि एवम् प्राविधिक सेवा तथा कृषि सडक ग्रामीण विद्युतिकरण, सिंचाई, बजार व्यवस्था जस्ता अन्य सुविधाहरु एकिकृत रुपमा परिचालन गरि कृषि उत्पादनलाई बजारीकरण गर्न **कृषि उपज संकलन केन्द्र** निर्माणमा जोड दिइनेछ।

९३. स्रोत तथा प्रमाणित बिउ उत्पादन गर्ने सहकारी तथा निजी फर्म केन्द्रहरुलाई प्रोत्साहन तथा मूल बिउ सुदृढीकरण गरी गुणस्तरीय बिउ उत्पादन गर्न बिज वृद्धि कार्यक्रमलाई निरन्तरता दिईनेछ।

९४. साना व्यवसायिक कृषि उत्पादन र  पकेट विकास कार्यक्रम अन्तर्गत धान तथा मकै बाली विकास कार्यक्रम संचालनमा निरन्तरता दिईनेछ।

९५. मौसमी तरकारी उत्पादन बढी भई किसानले उचित मूल्य नपाई खेतबारीमा नै तरकारी फाल्नुपर्ने समस्यालाई समाधान गर्न कोल्ड स्टोरमा भण्डारण गर्न प्रोत्साहन गरिनेछ।

९६. दाङको पहिचानको रुपमा रहेको स्थानीय तोरी र महको उत्पादन बढाउन तोरी खेतिमा सिंचाईको लागि अनुदान तथा तोरीको तेल, बेसार र महको ब्रान्डिङ तथा लेबलिङमा अनुदानको व्यवस्था गरिनेछ।

९७. नगरभित्र जीवन निर्वाहमुखी पशुपालन गरिरहेका कृषकहरुलाई व्यवसायिकरण तर्फ उन्मुख गराई आगामी तीन वर्षभित्र घोराही उपमहानगरपालिकालाई दुध तथा दुग्धजन्य पदार्थमा आत्म निर्भर गराइनेछ।

९८. हाल नेपालभर गाई/भैसीमा फैलिरहेको लम्पिस्किन तथा सुगुर बंगुरमा फैलिएको अफ्रिकन स्वाईनफिबरको नमुना संकलन गरि रोग निदान तथा न्यूनीकरणको लागि सचेतना अभिवृद्धी गरी रोकथाम तथा उपचारको आवश्यक व्यवस्था गरिनेछ।

९९. पशुपन्छीमा देखिने संक्रामक सरुवा रोग विरुद्ध पिपिआर, भ्यागुते, चरचरे, खोरेत स्वाईनफिबर र कुकुरहरुमा रेविज विरुद्धको खोप निःशुल्क प्रदान गरी पूर्ण खोपको सुनिश्चितता गरिनेछ।

१००. **"स्वस्थ पशु स्वच्छ उत्पादन"** अन्तर्गत पशु उपचार,आवधिक तथा आकष्मिक पशु स्वस्थ्य शिविर र  डोर टु डोर जस्ता किसानमुखी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

101. पशुहरुको उत्पादन अनुसारको पोषणलाई ध्यानमा राखी पोषणयुक्त पशुआहारामा विशेष जोड दिइनेछ। नगरलाई पशु आहारामा आत्मनिर्भर बनाउन पोषिला घाँसेवाली प्रवर्द्धन/नर्सरी स्थापना, हिउँदे घाँसको बिउ उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ।

102. परिवर्तित समयअनुसार प्रविधि विस्तार, जनचेतना अभिबृद्धि,व्यवसाय जोखिम न्युनीकरण, जुनोटिक रोग सचेतना तथा अभिमुखिकरण र मागमा आधारित व्यवसायिक तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

103. **"गोठ देखी ओठ सम्म"** स्वच्छ उत्पादन उपभोग गर्न पाउने उपभोक्ताको अधिकारलाई ध्यान दिंदै पशुमा लाग्ने रोगहरुको निदान पालिकामा नै गर्नको लागि डिस्पेन्सरी सहितको प्रयोगशाला सञ्चालनमा ल्याइनेछ।

104. वैदेशिक रोजगारीबाट फर्किएका नागरिक गरिबीको परिचयपत्र प्राप्त परिवार तथा मुक्त कमलरी परिवारलाई लक्षित गरी पशु व्यवसाय अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ। साथै खेतिबालीमा अर्गानिक मलको प्रयोग बढाउन गाई/भैसीको भकारो सुधार कार्यक्रम संचालन गरिनेछ।

105. छाडा चौपाया व्यवस्थापन गर्न चाक्लीघाटमा सञ्चालनमा रहेको गौशालामा पशुआहाराको अभावलाई न्युनीकरण गर्न पोषिला घाँस खेति/रोपन गरी पशु आहारामा पुर्ति गरिनेछ।

106. उपभोक्ताको स्वच्छ मासु उपभोग गर्ने अधिकारलाई सुनिश्चित गर्नको लागि निर्माण गरिएको पशुबधशाला सञ्चालनमा ल्याई प्रारम्भिक चरणमा राँगा र बंगुरको स्वास्थ्य परीक्षण सहित उक्त बधशालामा मात्र बध गर्न अनिवार्य गरिनेछ।

**नगरसभाका सदस्य ज्यूहरु,**

107. **"गुणस्तरीय शिक्षाको आधार प्रारम्भिक बाल कक्षाको सुधार"** भन्ने नाराका साथ प्रारम्भिक बाल शिक्षालाई व्यवस्थित रुपमा सञ्चालनका लागि सबै बिद्यालयहरुमा आवश्यकताको आधारमा कक्षाकोठा सुधार तथा शैक्षिक सामाग्री व्यवस्था गरिनेछ। साथै बालविकास शिक्षकहरुका लागि क्षमता अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिदै बालमैत्री सिकाई प्रयोजनार्थ पूर्वाधार तयार गरी प्रभावकारी कक्षा संञ्चालन गरिनेछ।

108. पाँच वर्ष मुनिका उमेर समूहका सवै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अवसर प्रदान गर्ने विद्यालय संरचना भित्र प्रारम्भिक बालशिक्षा संचालन गरिनेछ ।कक्षा १ भन्दा मुनि कम्तिमा दुई कक्षा नघट्ने गरी अभिभावकहरुसँगको आपसी समझदारीमा प्रारम्भिक बाल शिक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

109. विद्यालय उमेर समूहका सवै बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्न विभिन्न प्रोत्साहन मूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

110. आधारभूत तहमा अंग्रेजीमाध्यमबाट सिकाइ सहजिकरण गर्ने सामुदायिक विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ।

111. प्रोत्साहनमूलक कार्यक्रम, विभिन्न छात्रवृति वितरण, १२ कक्षासम्म निःशुल्क पाठ्यपुस्तक वितरण, निःशुल्क सेनेटरी प्याड वितरण,विज्ञान प्रयोगशाला, सूचना प्रविधि प्रयोगशाला तथा पुस्तकालय स्थापना गर्ने लगायतका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

112. विज्ञान विषय केन्द्रीत नमूना विद्यालय संचालन गरिनेछ।साथै प्राविधिक धारको शिक्षालाई व्यवस्थित गर्दै सिपयुक्त शिक्षा तथा प्राविधिक जनशक्ति उत्पादनमा जोड दिइनेछ।

113. माध्यमिक तह कक्षा ९ र १० मा अध्ययन गर्ने विद्यार्थीहरुको लागि रुचि र खुवीअनुसार उपयुक्त लक्ष्य पहिचान गर्न सक्षम वनाउन वृत्तिमार्ग निर्देशन

कार्यक्रम निरन्तरता दिदै क्रमशः सबै सामुदायिक विद्यालयहरुमा विस्तार गरिनेछ।

114. कार्यगत अभ्यास सहितको तालिम, औद्योगिक प्रशिक्षण तालिम तथा प्राविधिक शिक्षा अध्ययनको लागि आर्थिक तथा सामाजिक रुपमा पिछडिएका समुदायका व्यक्तिहरुको लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ।

115. बेरोजगार तथा सिप सिकेर स्वरोजगार बन्न चाहने युवाहरुलाई १० महिने कार्यगत अभ्यास सहितको तालिमलाई निरन्तरता दिईनेछ ।

116. चिकित्साशास्त्र र इन्जिनियरिङ लागायतका छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ।

117. घोराही उपमहानगरपालिका नगर खेलकुद विकास समितिलाई प्रभावकारी बनाई खेलकुद कार्यक्रमलाई वडास्तरसम्म सञ्चालन गर्दै लगिनेछ।खेलकुदको विकासका लागि खेलका माध्यमबाट घोराहीको चिनारी फैलाउन र खेलाडीहरुको विकास गर्न वडास्तरीय मेयरकप फुटबल, विद्यालयस्तरीय उपमेयरकप भलिवलतथा वडास्तरीय क्रिकेट प्रतियोगिता लगायतका विभिन्न विधाका खेलहरुलाई प्राथमिकता दिई क्रमशः संचालन गरिनेछ।साथै प्रत्येक वडामा वडास्तरीय युवा क्लवहरु गठन गरी नगरस्तरीय युवा संजालनिर्माण तथा युवाहरुको क्षमता विकासलाई प्राथमिकता दिइनेछ।

118. शैक्षिक सूचना प्रणाली,परीक्षा प्रणाली, शैक्षिक तथ्याङ्क तथा शिक्षक तथा विद्यार्थीको हाजिरी लगायतका विद्यालयका दैनिक क्रियाकलापलाई सूचना प्रविधिको माध्यमबाट अनुगमन गरिनेछ।

119. शुक्रबारीय कार्यक्रमको निरन्तरता दिदैं माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरुको अन्तर निहित प्रतिभा उजागरगर्ने प्रतियोगितात्मक बक्तृत्वकला, विज्ञान प्रर्दशनी एवम् सांस्कृतिक कार्यक्रम र आधारभूत तहका लागि हाजिरी जवाफ तथा नृत्य प्रतियोगितासञ्चालन गरिनेछ।

120. आधारभूत तहकोस्वीकृत स्थानीय पाठ्यक्रम यसै शैक्षिक सत्रबाट लागु गरिनेछ।स्थानीय पाठ्यक्रम तथा थारु भाषाको कक्षा १-३ कोपाठ्यक्रम अनुसारको पाठ्यपुस्तक निर्माण गरिनेछ।

121. यस उपमहानगरपालिका अन्तर्गत प्रत्येक नमूना माध्यमिक विद्यालयहरुमा स्वास्थ्यकर्मी व्यवस्थापन गरिनेछ ।

122. शैक्षिक सूचना व्यवस्थापन प्रणाली चुस्त दुरुस्त बनाउन आवश्यकदक्ष जनशक्तिका लागि कम्प्युटर सम्बन्धी ज्ञान भएको विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीलाई प्रत्येक वर्ष अभिमुखिकरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

123. विद्यालयसम्म विद्यार्थीको सहज पहुँच सुनिश्चित गर्न सम्भाव्यताका आधारमा उपयुक्त यातायात प्रणाली सञ्चालन गरिनेछ।

124. कक्षा १ देखि १० सम्म परिवर्तन भएको पाठ्यक्रम र मुल्यांकन प्रणाली कार्यान्वयनका लागि पाठ्यक्रम विकास केन्द्रको तालिम प्याकेज अनुसार अल्पकालिन तालिम संचालन गरिनेछ ।

125. सामुदायिक विद्यालयहरुलाई न्युन्तम पूर्वाधार युक्त वनाउनको लागि मा.वि. आधारभूत विद्यालयहरुलाई आवश्यक पर्ने न्यूनतम कक्षा कोठा, शौचालय खानेपानी, तरावार पर्खाल तथा फर्निचर एवम् मर्मत सम्भारको समुचित व्यवस्था गर्दै पूर्वाधारयुक्त विद्यालयको रुपमा विकास गरिनेछ ।

126. संस्थागत विद्यालयहरुलाई कानून बमोजिम नियमन गर्दै भर्ना शुल्क परिक्षा शुल्क लगायतका विषयहरुमा स्पष्ट नीति तय गरिनेछ ।

127. विगत वर्षहरुमा जस्तै विद्यार्थी संख्यालाई मुख्य आधार मानि बाल विकास केन्द्र, प्रा.वि, नि.मा.वि तथा मा.वि. तहमा कार्यरत शिक्षकहरुको विषयगत एवम् शिक्षक विद्यार्थी अनुपातमादरबन्दी मिलान गरिनेछ ।

128. राष्ट्रिय शिक्षा नितिले सम्बोधन गरे बमोजिम ५ वर्षे नगर शिक्षायोजना तयार गरि नगरस्तरीय संस्थागत तथा सामुदायिक विद्यालयको समग्र वस्तुस्थिती स्पष्ट देखिने गरी विद्यालयप्रोफाइल तयार गरिनेछ ।

129. सामुदायिक विद्यालयको विद्यालय प्रशासनलाई चुस्त एवं नतिजा मुखी बनाइ सञ्चालन गर्न प्रतिस्पर्धी एवं योग्य प्रधानाध्यापकको नियुक्ती प्रक्रियालाई निरन्तरता दिइनेछ।

130. अपाङगता भएका बालबालिकाहरुलाई विशेष प्रोत्साहन सहित भर्ना गरिनेछ । फरक क्षमता भएका विद्यार्थीहरुको सिकाइलाई निरन्तरता दिइनेछ ।बालमन्दिर आधारभूत विद्यालयलाई अपाङमैत्रीविशेष विद्यालयकारुपमासंचालन गरिनेछ ।

131. एक वडा एक नमूना विद्यालय कार्यक्रम अन्तरगत छनौट गरिएका विद्यालयहरुलाई शैक्षिक गुणस्तरअभिवृद्धि गर्न अभिप्रेरित गर्दै सम्पूर्ण सामुदायिक विद्यालयहरुको विकास गर्न कार्ययोजना निर्माण गरिनेछ।

132. शैक्षिक गुणस्तर अभिवृद्धिको लागि सामुदायिक तथा संस्थागत विद्यालयहरु बिच शैक्षिक अन्तरक्रिया गराइनेछ साथै संस्थागत विद्यालयहरुको संचालन तथा गुणस्तरको नियमन समेत गरिनेछ।

133. सम्पूर्ण सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुलाई विद्यालय सुधार योजना सम्बन्धी तालिमका साथै सामुदायिक र संस्थागत विद्यालयहरुको तथ्याङ् व्यवस्थापनको लगि इमिस सम्बन्धी क्षमता विकास तालिम, विद्यालयमा लेखा अनुशासन वित्तिय सुशासन विद्यालयको जिन्सी र खरिद कार्य व्ययवस्थापनका लागि लेखापालहरुको क्षमता विकास कार्यशाला,शैक्षिक सामाग्री निर्माण तालिम तथा प्रर्दशनी कार्यक्रम सञ्चालन गरीनेछ ।

134. बालबालिकाहरुको विद्यालय पहुँच अभिवृद्धि गर्न मौजुदा आर्थिक स्रोतलाई मध्यनजर गर्दै नमुनाको रुपमा विद्यालयलाहरुलाई यातायातका साधन सञ्चालन गर्न प्रोत्सहान गरिनेछ।

135. विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरिनेछ ।

136. माध्यमिक तथा निम्न माध्यमिक तहमा विषयगत शिक्षकको अभाव भएका सामुदायिक विद्यालयहरुमा स्वयसेवक शिक्षक व्यवस्थापन गरिनेछ र यसका लागि आवश्यक कार्यविधिको निर्माण गरिनेछ ।

137. सिकाई उपलब्धि मूल्याङ्कनको आधारमा विद्यालयहरुलाई अनुदान दिइनेछ ।साथै परीक्षा प्रणालीलाई सुधार गरी परीक्षाको उत्तर पुस्तिका अन्तर विद्यालय परिक्षण गर्ने व्यवस्था मिलाईनेछ ।

**नगरसभाका सदस्य ज्यूहरु,**

138. नागरिकको आधारभूत स्वास्थ्य सेवालाई प्रत्याभूत गर्न निर्माणाधिन स्वास्थ्य संस्थाहरुको भवन सम्पन्न गरी सेवा प्रवाह गरिनेछ।

139. लागुऔषध दुर्व्यसनबाट व्यक्ति परिवार तथा समाजमा नकरात्मक असर परेकोले दुर्व्यसनी नियन्त्रणका लगि विशेष कार्यक्रम सञ्चालन गरी वडाहरुलाई क्रमशः लागु औषधमुक्त वडा घोषणा गर्दै आगामी तीन वर्षभित्र लागु औषध दुर्व्यसनी मुक्त नगर घोषणा गरिनेछ।

140. उपप्रमुख प्रजनन् रुग्णता कार्यक्रम अन्तरगत पाठेघर बचाउँ अभियान मार्फत पाठेघरको भिआईए (VIA) स्क्रिनिङ्ग गरी पाठेघरको मुखको क्यान्सरको प्रारम्भिक जाँच गरिनेछ।

141. घोराही उपमहानगरपालिकाको नागरिकहरुको उपचारको लागि आवश्य रगत नेपाल रेडक्रस सोसाईटीको समन्वयमा निःशुल्क रुपमा उपलब्ध गराउन नगर प्रमुख रक्त संचार सेवा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

142. आमा र नवजातशिशुको जीवन रक्षाको लागि उपप्रमुख आमा नवजातशिशु सुरक्षा खुत्रुके बचत कार्यक्रमलाई निरन्तरता दिइनेछ। नियमित गर्भ जाँच र स्वास्थ्य संस्थामा सुत्केरी गराउन सुरक्षित सुत्केरी अभियान संचालन गरिनुका साथै सुरक्षित सुत्केरी अभियानलाई प्रोत्साहित गर्न उप प्रमुख खुत्रुके बचत कार्यक्रमलाई निरन्तरता दिइनेछ।

143. नगरवासीको आपतकालीन स्वास्थ्य सेवामा सहज पहुँचका लागि एम्बुलेन्स सेवालाई थप ब्यबस्थित गरिनेछ। असाहय बिपन्न तथा प्रसुतिजन्य सेवाको लागि निःशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरिनेछ ।

144. आँखा उज्यालो कार्यक्रम अन्तरगत राप्ती आँखा अस्पताल रक्षाचौरको साझेदारीमा मोतिया विन्दुको नि:शुल्क अप्रेशन गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

145. ज्येष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत चिकित्सक तथा स्वास्थ्यकर्मीको प्रत्यक्ष सहभागितामा ज्येष्ठनागरिक घरदैलो स्वास्थ्य उपचार सेवालाई निरन्तरता दिइनेछ।

146. आयुर्वेदिक, प्राकृतिक तथा होमियोप्याथी चिकित्सा प्रणालीको विस्तार र प्रवर्द्धन गरिनेछ।आम नागरिकलाई योगाभ्यास र शारीरिक व्यायाम सहितको सक्रिय जीवन पद्धति अपनाउन प्रेरित गरिनेछ।

147. वडाहरुमा जनचेतनामुलक कार्यक्रम, खुल्ला व्यायामशाला तथा योग, आरोग्य केन्द्र र योगाहल स्थापना गर्न प्रोत्साहित गरिनेछ।नारायणपुरको योगहल आगामी वर्ष सम्पन्न हुने गरी कार्य अगाडी बढाइनेछ।

148. आर्युबेद उपचारात्मक (ओपिडी तथा शिविर) ,प्रबर्धनात्मक तथा पुर्बकर्म, पंचकर्म तथा शिरोधारा सहितको आयुर्बेद स्वास्थ्य सेवालाई बिस्तार गरिनेछ ।

149. महामारी रोग तथा विपद ब्यवस्थापनको पुर्व तयारी टिम (RRT) लाई थप शसक्त बनाइनेछ।

150. सरकारी तथा गैर सरकारी संघ संस्थाको समन्वयमा सिकलसेल एनिमिया रोग समय मै पत्ता लगाई जिन शुद्धिकरणको लागि नियमित रुपमा रक्त समूह जाँच तथा बिबाहकुण्डली सम्बन्धी जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

151. महिला स्वास्थ्य स्वयंसेविकाहरुको व्यवस्थापनलाई थप प्रभावकारी बनाइने छ।महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई निःशुल्क बिमाको ब्यबस्था मिलाईने छ । उमेर हदको कारणले तथा रोगका कारणले छोडेका महिला स्वास्थ्य स्वयंसेविकालाई थप राहत अनुदान प्रदान गरिनेछ ।साथै स्वास्थ्य आमा समूहलाई थप प्रभावकारी गराइनेछ।

152. जन्मजात विकलांग न्यूनीकरण गर्न गर्भवती आमाहरुलाई नियमित नि:शुल्क भिडियो एक्सरे सेवाको व्यवस्था गरिनेछ।

153. स्वास्थ्य बीमा कार्यक्रमलाई थप प्रभाबकारी बनाउन बिमा कर्ताहरुलाई घरदैलोमै खटाईने छ, सबैलाई बिमा कार्यक्रममा सहभागि गराई स्वास्थ्य सेवाको सुनिश्चितता गरिने छ, यौन हिंसामा परेका द्वन्दपिडीत नागरिकलाई निःशुल्क बीमाको ब्यबस्था गरिने छ ।

154. एचआईभि संक्रमित परिवार तथा समुहलाई क्षमता बिकास तथा पोषण कार्यक्रम संचालन गरिनेछ।

**नगर सभा सदस्य ज्यू,**

155. सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला,दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडावर्ग, सीमान्तकृत,

अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, एकल महिला ,लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न नागरिकको अभिलेख राखि संरक्षण र सशक्तिकरणमा जोड दिइनेछ।

156. विभिन्न समुदायबीच सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने,बालविवाह, बहुविवाह, लैंगिक हिंसा, छुवाछुत,दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखनजस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्न जनचेतनामुलककार्यक्रम सञ्चालन गरिनेछ।

157. विकास प्रक्रियामामहिला तथा पिछडिएकोएवं लक्षित वर्गको सहभागिता वढाउनयोजना छनौटमा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कार्यकममा जोड दिन **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण** नीतिलाई अवलम्वन गरिनेछ।

158. घोराही उपमहानगरपालिका नेपालको पहिलो बालमैत्री उपमहानगरपालिका घोषणा भएकोले बालमैत्री कार्यक्रमलाई निरन्तरता र प्रभावकारीताका लागि बालश्रम मुक्त नगरतथा बालविवाह न्यूनिकरण गर्न बिहेवारी बीस वर्ष पारी भन्ने अभियानलाई वडा तथा नगरका विभिन्न महाशाखा/शाखाका कार्यक्रमहरुमा सुचक सहित अन्तरआवद्ध गरी कार्यान्वयन गरिनेछ।

159. सन २०२६ सम्म घोराही उपमहानगरपालिकालाई लैंगिक हिंसा नियन्त्रितनगरपालिका घोषणा गर्न लैंगिक हिंसा निवारणका लागि निरोधात्मकप्रवर्द्धनात्मक एवं संरक्षणात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ। तथा लैंगिक हिंसा प्रभावितका लागि समुदायमा आधारित संरक्षण कार्यक्रम र अल्पकालिन आश्रयगृह (सेवाकेन्द्र सचालनमा निरन्तरता दिइनेछ।

160. स्थानीय स्तरमा एक बड़ा एक युवा क्लब गठन तथा परिचालन गर्ने र टोल विकास संस्था, अन्तरगत महिला समुह/समिति/संस्था बालक्लव,

बालसञ्जाल, किशोर किशोरी समूह/संजाल, युवा समूह, युवासञ्जाल, दलित संजाल, एकल तथा लैंगिक हिंसा प्रभावित महिला समूह तथाफरक क्षमता भएका व्यक्तिको क्षमता विकास, संस्थागत, संरचनागत विकासमा जोड दिइनेछ।

161. वडाहरुमा गठन भएका जेष्ठ नागरिक दिवा सेवा केन्द्रलाई परिचालन तथा व्यवस्थपनमा, स्वास्थ्य परीक्षण एंव परामर्शका लागि कम्तिमा दुई पटक विशेषज्ञ सेवा सहितको शिविर संचालनका साथै जेष्ठनागरिकपरिचयपत्रकाआधारमाप्राप्तहुनेसेवा सुविधालाई प्रभावकारी बनाउन सरोकारवालाहरुसंग समन्वय गरी उचित कार्यान्वयनको व्यवस्था मिलाइनेछ।

162. टोल विकास संस्थाहरुलाई जिम्मेवारी र जवाफदेही वनाउन टोल विकास संस्थाका सदस्यहरुको क्षमता विकास तथा संस्थागत विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

163. अनाथ, जोखिममा रहेका तथा सडक बालबालिकाहरुको पुनःस्थापनाका लागि विशेष संरक्षणको नीति अवलम्बन गरिनेछ।

164. फरक क्षमता भएका व्यक्तिहरुको तथा वहिराहरुको लगत संकलन गरी अभिलेख तयार गरिनेछ । अपांगताको प्रकृती अनुसार क्षमता विकासको लागि विशेष कार्यक्रम संचालन गरिनेछ।

165. मौजुदा बालगृह र आपतकालीन आश्रयगृह सञ्चालनको न्यूनतम मापदण्डलाई समयानुकुल सुधार गरी प्रभावकारी रुपमा कार्यान्वयनका लागी निरन्तरता दिइनेछ ।

166. गैर सरकारी संस्थाबाट संचालन हुने कार्यक्रमहरु अनिवार्य रुपमा नगर सभामा पेश गर्नु पर्ने नीति लिइनेछ। गैर सरकारी संस्थाबाट संचालन हुने कार्यक्रमहरुलाई दुर्गम वस्ती एंव पिछडिएका क्षेत्रहरुमा संचालन गर्न प्रोत्साहित गरिनेछ।

167. महिला, दलित, आदिवासी, मुस्लिम, लोपोन्मुख एवं अल्पसंख्यक जातजाति तथा पिछडिएको वर्गका लागि क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम संचालन गरी महिलाहरुका लागि स्वरोजगार बन्ने तर्फ प्रेरित गर्न सिप विकास तालिम, वीउ पुँजी (Seed Money) तथा मेशिनरी औजार बितरण कार्यक्रम, निरन्तरता दिइनेछ ।

168. सामाजिक विभेदको न्यूनीकरण गर्न छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, लैङ्गिक विभेद र हिंसाका घटनाहरु न्यूनिकरणकालागि टोलविकास संस्था मार्फत सामाजिक परिचालन कार्यक्रम सञ्चालन गरिनेछ।

169. सामाजिक सुरक्षा तथा संरक्षणका लागी बालबालिका पुनर्स्थापना केन्द्र, जेष्ठ नागरिक आश्रय केन्द्र, अशक्त स्याहार केन्द्र स्थापना रसञ्चालनका लागि आवश्यकता अनुसार केन्द्रहरु स्थापना गरी सडक बालबालिका पुनर्स्थापना केन्द्र, बालगृह ,जेष्ठ नागरिक दिवा सेवाकेन्द्र, अशक्त वेवारिसे मानवका लागि मानव सेवा आश्रय तथा सेवा घर, हिंसा प्रभावितका लागि महिला सेवा केन्द्र,वृद्धाश्रम, अपांगताभएका व्यक्तिका लागि पुनर्स्थापना केन्द्रजस्ता संरक्षणमा आधारित केन्द्रहरु निरन्तरताका साथै उच्च प्रथामिकताका साथ नियमितसञ्चालन गरिनेछ ।

170. वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी बजेट तर्जुमा गरिनुका साथै लैङ्गिक उत्तरदायी बजेट परीक्षण कार्यक्रमहरू संचालन गरिनेछ ।

171. आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, मुश्लिम, दलित, आदिवासी जनजाति, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लोपोन्मुख एवं अल्पसङ्ख्यक जातजाति, सीमान्तकृत समुदाय, मुक्त कमलहरी, द्वन्द पिडित, सहिद तथा बेपत्ता परिवार तथा पिछडिएको बर्गको लागि सामाजिक र आर्थिक उत्थानका कार्यक्रम संचालन गरिनेछ।

**नगरसभाका सदस्य ज्यूहरु,**

172. नागरिकहरुको आवासलाई सुरक्षित वनाउनको लागि भवन संहिता पालनामा कडाइ गरिनेछ।नक्सा पास नगरी घर निर्माण गर्ने प्रवृतिलाई निरुत्साहित गर्न अनुगमलाई तिब्रता दिई कानुनी कारबाहीको दायरामा ल्याईनेछ।

173. घर नक्शापासप्रक्रियालाईसरलिकरण तथा अभिलेख सरक्षित गर्न विद्युतीय भवन अनुमति प्रणाली (EBPS) को शुरुवात गरिनेछ।

174. नयाँ निर्माण, मर्मत वा प्रवलिकरण हुने भवनहरुमा उर्जा खपतकम गरी भवनलाई उर्जा प्रभावकारी बनाउन रजलवायु अनुकुलन डिजाइनलाई प्रोत्साहनगर्न भवननिर्माण मापदण्डमा आवश्यक परिमार्जन सहित नक्शापास प्रक्रियामा नियमन गर्ने व्यवस्था लागु गरिनेछ। यसका लागि सम्बन्धित कार्यरत प्राविधिक कर्मचारी, दर्तावाला डिजाइनर तथा अन्य डिजाइनरहरुलाई क्षमता विकास सम्वन्धी तालिम कार्यक्रम संचालन गरिनेछ।

175. आगामी तिनवर्ष भित्रनगर भित्र रहेका खरका (फुस्का) छाना हटाइ खरका छाना मुक्तनगर घोषणा गरीनेछ।

176. नगर क्षेत्र भित्र अव्यवस्थित रुपमा रहेका बिद्युत केवल तथा इन्टरनेटका तारहरु सम्बन्धित सरोकारवालाहरुसँगको समन्वयमा व्यवस्थित गरी नगरको सुन्दरता बढाइनेछ।

177. प्रवलिकरण, नक्सापाश, तथा सुरक्षित नागरिक आवास निर्माण गर्न संलग्न हुने प्रविधिक निर्माण व्यावसायी, डकर्मी, सिकर्मी, सामाग्री सप्लायर्श, डिजाइनर, इन्जिनियर,कन्सल्टेन्टलगायत अन्य संलग्न जनशक्तीको क्षमता अभिवृद्धी गरी नक्सापाशलाई अनिवार्य गरिदै लगिने छ ।

178. भुमिगतजल भण्डार तथा पानीका मुहानहरु संरक्षण, वर्षातको पानीलाई रिचार्ज गर्ने तथा प्रसोधन गरी प्रयोगमा समेत ल्याउने प्रायोजनकालागि रेन वाटर हारवेस्टीङको प्रविधिलाई प्रोत्साहन गरिनेछ।

179. आगामी ३ वर्ष भित्रमा प्रत्येक नागरिकको कम्तिमा ३०मिनेट पैदल दूरीमा सडक पहुँच पुर्याउने गरी पहुँचमार्ग, सहायक राजमार्ग, वैकल्पीक मार्ग, गाउँ टोल भित्रका साना सडकहरु निर्माण, मर्मत तथा स्तरोन्नति गरिनेछ।

180. उपमहानगरपालिका अन्तर्गत सवै वडा कार्यालयहरुमा बाह्रै महिना संचालन हुने गरी सडक स्तरोन्नती तथा कालोपत्रे गरिनेछ। भरपर्दो सडक पहुँच नभएको वडा नं १९ को वडा केन्द्र जोड्ने सडकको कटुवा खोलामा कल्भर्ट सहित सडक स्तरन्नोती गरिनेछ।

181. कालोपत्रे सडकको गुणस्तरता तथा दीगोपनाको लागि सडक पिच गर्दा आसफाल्ट प्रबिधिको प्रयोगलाई प्रथमिकता दिइनेछ।

182. गाउँवस्ती जोड्ने साना खोल्सा तथा खहरे खोलाहरुमा कल्भर्ट निर्माण गरी आवतजावतमा सहज बनाइनेछ साथै ठुला खोलाहरुमा पुल निर्माणका लागि संघीय सरकार , प्रदेश सरकारको सहकार्यमा पुल तथा कल्भर्ट निर्माण गरी वर्षाको समयमा जोखीम मोलेर खोला तर्नुपर्ने अवस्था अन्त्य गरीनेछ।

183. विद्युतको पहुँचनपुगेका तथा भरपर्दो संरचना नभएका गाउँ तथा वस्तीहरुमा नगरपालिका तथा नेपाल बिद्युत प्राधिकरणको सहकार्यमा दुइवर्ष भित्रमा विद्युत विस्तार गरी उज्यालो नगर अभियानको सञ्चालन गरी आगामी ३ वर्ष भित्रमापूर्ण विद्युतिकरण र उज्यालो नगर घोषण गरिनेछ।

184. नगरक्षेत्रभित्रवसोवास गर्ने सवै नगरवासीहरु तथा खानेपानीको पहुँच नपुगेका गाउँ तथा वस्तीहरुमा खानेपानी विस्तार, इनार, कुवा, वोरिङ, रेन वाटर हारभेष्टिङ्ग, सोलार वा विद्युतीय लिफ्टिङ्ग लगायत सम्पूर्ण प्रविधि प्रयोग गरी आगामी तीनवर्ष भित्र स्वच्छ खानेपानीको पहुच पुर्याइनेछ।

185. खानेपानी तथा सिंचाईको लागि डिपवोरीङ्ग खन्नु अगावै आधुनिक प्रविधि प्रयोग गरी पानीको तह तथा भण्डारको अध्ययन गरी डिप वोरीङ्ग गरीनेछ साथै हालसम्म खनिएका खनेपानीका अधुरा डिप वोरीङ्ग तथा स्यालो ट्युवेल सम्पन्न गरी खानेपानी पहुँच बृद्धि गरिनेछ।

186. नगर क्षेत्र भित्र रहेका सम्भावित खोला, खोल्सी, सिमसार लगायत सम्भावित क्षेत्रहरुको सम्भाव्यताअध्ययन गरी पानीको मुहान संरक्षण गरनेछ।भुमिगत जलभण्डार पुनर्भरण तथा  सिंचाइको लागि रज्जे मन्नामे तथा अन्य स्थानहरुको पहिचान गरी कृत्रिम जलाशय निर्माणलाई निरन्तरता दिइनेछ।

**नगरसभाका सदस्य ज्यूहरु,**

187. फोहोर मैला व्यवस्थापन लाई प्रभवकारी बनाउन  स्रोतमा नै फोहोर वर्गीकरण गर्ने  कार्यलाई अनिवार्य गरी आगामी वर्ष भित्र पूर्ण फोहोर वर्गीकरण नगर घोषणा गरिनेछ। यसका लागि २०८० साउन देखि हरेक महिनामा साप्ताहिक रुपमा फोहोर वर्गीकरण कार्यक्रम अभियाका रुपमा संचालन गरिनेछ।

188. कुहिने र नकुहिने फोहोर पूर्णरुपमा बर्गिकरण गर्ने टोलहरुलाई पूर्ण फोहोर वर्गीकृत टोल घोषणा तथा पुरस्कृत गरिनेछ।

189. फोहोर व्यवस्थापनमा नगरपालिकाको आर्थिक दायित्व न्यूनिकरण गर्न "**जसले फोहोर गर्छ उसैले पैसा तिर्छ**" भन्ने अभियान सञ्चालन गरी फोहोर मैला संकलनमा आगामी वर्ष देखि निजी क्षेत्रलाई संलग्नता गराइनेछ।

190. वडा नं १६ मा निर्माण भइ सकेको बायो ग्याँस प्लान्टलाई पूर्णरुपले सञ्चालन हुने वातारण बनाई कम्तिमा ७५० घरमा पाइपलाइनबाट बायो ग्यास पुर्याइ बाह्य उर्जा खपतलाई न्यूनिकरण गरिनेछ।

191. फोहोरमैला व्यवस्थापनमाअसहयोग गर्ने, जथाभावी फोहोर फाल्ने, व्यक्ति, संस्थालाई ठाउँको ठाउँ कारबाही गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

192. नगरवासीलाई सुरक्षित खानेपानी समस्यालाई संबोधन गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्यलाई निरन्तरता दिइनेछ। खानेपानीका मुहानहरु प्रदुषण असुरिक्षत हुन नदिन नगरको तर्फबाट अनुगमन तथा आर्सेनिक परीक्षण कार्यको व्यवस्था मिलाईनेछ ।

193. निजी क्षेत्रसँगको सहकार्यमा बजार क्षेत्र तथा भरतपुर र नवलपुर खेल मैदानमा सार्वजनिक र घुम्ती शौचालयको निर्माण तथा सञ्चालन गर्ने प्रबन्ध मिलाइनेछ।

194. नगरकोसरसफाई व्यवस्थापनमा सामुदायिक संघ-संस्था, स्वयंसेवक अभियन्ताहरु एवं निजीक्षेत्रलाई उत्प्रेरित गरी परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।

195. सामुदायिक, सार्वजनिक क्षेत्रमा पशुचौपाया नियन्त्रणका लागि आवश्यक प्रबन्ध मिलाइनेछ । यसका लागि छिमेकी पालिका एवं सामाजिक संघ संस्थासँग सहकार्य गरिनेछ ।

196. हाल विद्यमान ल्यान्डफिल साइडलाई अझै व्यवस्थित र वातावरणमैत्री गराई फोहोर व्यवस्थापन कार्यलाई अगाडी बढाइनेछ।

197. विद्यमान ल्यान्डफिल साइडबाट प्रभावित नागरिकहरुको स्वास्थ्य बीमा गर्न ५० प्रतिशत अनुदानको व्यवस्था गरीनेछ।

198. सडक सुन्दरता कायम राख्नको लागि अनुमती बिना अव्यवस्थित रुपमा नगर क्षेत्र भित्र रहेका सबै चार पाङ्गरे गाडीको मर्मत व्यवसाय (वर्कशप) लाई अटो भिलेजमा अनिवार्य रुपमा स्थानान्तरण गरी व्यवस्थापन गरिनेछ।

199. सरसफाईमा निरन्तर खटि उच्च जोखिममा रहेका सरसफाई व्यवस्थापन शाखाका सबै कर्मचारीहरुलाई दुर्घटना तथा जोखिम बीमाको व्यवस्था गरिनेछ।

200. फोहोरमैला, निष्काशन, संकलन र विर्सजन सम्बन्धी निर्देशिका बमोजिमको फोहोरलाई ल्यान्डफिल साइडमा पुऱ्याइनेछ। घोराही उप-महानगरपालिकाले प्रत्येक वर्ष २५ प्रतिशतका दरले नगल्ने फोहोर व्यवस्थापन गरी आगामी ४ वर्ष भित्र लिचड ट्रेडमेन्ट प्लान्ट सहितको शुन्य ल्यान्डफिल साइडको व्यवस्थापन गरिनेछ।

201. सार्बजनिक क्षेत्र, नदी,खानेपानीको मुहान,पोखरी,कुवा,धारा,लगायतका पानीको मुहान सुरक्षित बनाउने अभियान संचालन गरिनेछ।यसमा स्थानीय जनताको भुमिकालाई अग्रणी बनाउदै नगरपालिकाले सार्बजनिक क्षेत्र, घर, आगन, टोल, सडक सफा सुन्दर राख्न टोल बिकास संस्थालाई नै जिम्मेवार बनाइनेछ ।

202. पुर्ण सरसफाई नगर घोषणा गर्ने लक्ष्य अनुसार कार्यक्रमको व्यवस्था मिलाइनेछ।

203. नगरको फोहोर व्यवस्थापनमा खट्नेकर्मचारीलाई तथा सरसफाई अभियान्ताहरुलाई,टोल विकास संस्था,व्यक्तिलाई नगरको स्थापना दिवसको अवसरमा सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ ।

204. घोराही बजार क्षेत्रभित्र छरिएर रहेका कवाड व्यवसायीहरु एकीकृत गरी राजस्व अभिबृद्धि गर्ने ल्यान्डफिल साइडमा व्यवस्थित गर्ने कार्यलाई कडाईका साथ अघि बढाईनेछ।

205. घोराही उप-महानगरपालिकाद्वारा बिद्यालय, स्वास्थ्य चौकी तथा सरकारी कार्यालय रहेको स्थान देखि १०० मिटर वरपरसम्म तथा २० वर्ष भन्दा कम

उमेरका बालबालिकालाई सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरण नगर्न नगराउन सरोकारवाला निकायसंग समन्वय गरिनेछ।

206. स्वच्छ वातावरणमा बाँच्न पाउने नागिरकको मौलिक हकको सुनिश्तिता गर्न नागिरकहरुको सहभागितामा वातावरण संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ।नगरभित्र सञ्चालन हुने विकास निर्माणका कार्यहरुलाई वातावरणमैत्री बनाइनेछ।

207. नगरमा हरियाली प्रवर्द्धन गरी वातावरण स्वच्छता कायम गर्न प्रत्येक घरको अगाडी कम्तिमा दुईवटा रुख रोप्न अनिवार्य गरिनेछ। यसरी रुख नरोपिएको भवनको निर्माण सम्पन्न दिइने छैन।

208. वातावरणमा सुन्दरता तथा भूक्षय नियन्त्रण गर्न सार्वजनिक खाली जग्गा तथा नाङ्गा पाखाहरु र सडक किनारामामा वृक्षारोपण साथै आम व्यक्तिहरुलाई आराम गर्न सहजताका लागि नगरका विभिन्न स्थानहरुमा वातावरणमैत्री चौतारी र पार्कको निर्माण गरिनेछ।

209. वातावरणमा असर पार्ने तथा पूनः प्रयोग गर्न नसकिने ४० माइक्रोन भन्दा कमको प्लाष्टिक झोला उत्पादन बिक्रि वितरण तथा प्रयोगमा प्रतिबन्ध लगाइनेछ।

210. घोराही उप महानगरपालिको वातावरणीय नीति पानीमा माछा ,जमिनमा हरियाली आकाशमा पंछी भन्ने मूल मर्मलाई आत्मसात गर्दै स्वच्छ ,हराभरा र प्रदुषुणमुक्त नगरपालिका अभियानका लागी जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलनका कार्यक्रमहरु सञ्चालन गरिनेछ।जसका लागी आ.वं. २०८०/८१ मा वडास्तरमा वातावरण संरक्षण तथा जलवायू परिवर्तन बारे सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

211. प्रमुख प्रकोपहरुको नियमित अनुगमन,पूर्वानुमान तथा पूर्व सूचना प्रणाली विकास गरी पूर्वानुमानको आधारमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना लागु गरिनेछ ।

212. प्रमुख प्रकोपवाट प्रभावीत हुने क्षेत्रहरुको पहिचान गरी शिक्षा, स्वास्थ्य, कृषि उद्योग, पर्यटन, उर्जा, आवास यातायात, खानेपानी, सरसफाई, पूर्वाधार ,ऐतिहासिक तथा साँस्कृतिक सम्पदा, व्यापार ,व्यवसाय, जनस्वास्थ्य र पोषणमा पर्न सक्ने जोखिम ,आँकलन र नक्शाङ्कन गरी सार्वजनिक गरिनेछ।

213. विपदमा परेका वा विपदको उच्च जोखिमका रहेका व्यक्तिहरुको उद्धार, प्रतिकार्य र पुनःस्थापनामा सहयोग गर्नका लागी नगर स्तरीय विपद् व्यवस्थापन कोषको स्थापना गरिनेछ।

214. विपद प्रतिकार्य योजना कार्यान्यन गरी विपद् व्यवस्थापन तथा विस्थापितको खोजी र उद्धारमा सहयोग गर्नका लागी स्थापना गरिएको आपतकालीन कार्य सञ्चालन केन्द्रमा उद्धार र पुनः स्थापना सामाग्रीहरुको खरिद गरी अद्याबधिक गरिनेछ।

215. विपद् पूर्व तयारी तथा प्रतिकार्यका लागी खुल्ला क्षेत्रको पहिचान, विकास र व्यवस्थापन गर्नुका साथै संकट उन्मुख क्षेत्रमा पहुँचयुक्त एवं सुरक्षित आश्रय स्थल निर्माण गरिनेछ।साथै विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन मानवीय सहायता स्थल एवं बन्दोवस्ती स्थलको स्थापना ,विकास र विस्तार गरिनेछ।

216. वनको संरक्षण, सही सदुपयोग, उपयोग, विकास र प्रवर्द्धनका लागि सङ्घीय र प्रदेश कानुन वमोजिम हुने गरी वन रणनीतिक योजना तर्जुमा गरिनेछ।

217. समृद्धिका लागि वन परियोजना र उपमहानगरपालिकाको सहकार्यमा भू-उपयोग रणनीति निर्माण गरी वहुप्रकोपीय जोखिम लेखाजोखाको आधारमा जोखिम संवेदनशिल भू-उपयोग योजना तर्जुमा गरी व्यवस्थित एवं सुरक्षित

वस्ती विकास कार्यलाई अगाडी वढाइनेछ।साथै असुरक्षित वस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने नीति लिइनेछ।

218. समृद्धिका लागि वन परियोजना र उप महानगरपालिकाको सहकार्यमा निजी वन र वन उद्यम दर्ता व्यवस्थापनको प्रणाली स्थापनामा सहयोग गर्नुका साथै दर्ता सुरुवात, वित्तीय व्यवस्थापनमा क्षमता विकास, निजी वन, सामुदायिक वन र वन उद्यमहरु सर्वेक्षण समेत गरिनेछ ।

219. समृद्धिका लागी वन परियोजना र उप महानगरपालिकाको सहकार्यमा समुदायमा आधारित वन व्यवस्थापन समुहहरुलाई लैङ्गिक तथा सामाजिक समावेशीकरण क्षमता विकास र वार्षिक योजना, बजेट र कार्य योजना निर्माणमा सहयोग गरिनेछ।

**नगरसभाका सदस्य ज्यूहरु,**

220. **"सदस्य केन्द्रित सहकारी, हुने छैन कोही बेरोजगारी"** भन्ने नारालाई सार्थक बनाउन एक सहकारी एक उद्यमी तयार गर्न सबै सहकारी संस्थालाई अभिप्ररित गरिनेछ।

221. सबै सहकारी संस्थाहरुलाई सहकारी तथा गरिबी सम्बन्धी ब्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा आवद्ध गराई सहकारी सूचनालाई ब्यवस्थित गरिनेछ ।

222. सहकारीमा सुशासन अभिवृद्धि गर्न ऐन, नियम,नीति, बिधी,नविनतम अभ्यासलाई सहकारी सचेतना कार्यक्रम मार्फत संचालन गरिनुका साथै जिल्ला सहकारी संघ लगायत बिषयगत संघहरुको सहकार्यमा सहकारीलाई बिबिधीकरण गरी अनुगमन लगायत बिबिध कार्यक्रम संचालन गरिनेछ।

223. संख्यात्मक सहकारी संस्था भन्दा गुणात्मकतामा वृद्धि गर्नका लागि सहकारी संस्था एकिकरण कार्यलाई प्रोत्साहन गरिनेछ।

**नगर सभा सदस्य ज्यूहरु,**

224. पर्यटन तथा संस्कृति प्रवर्धनको लागि भाषा,कला, साहित्य,संस्कृतिको संरक्षण एवं प्रवर्द्धनमा जोड दिइनेछ।

225. पर्यटन तथा संस्कृति प्रवर्द्धनको लागि अध्ययन अनुसन्धान सम्बन्धी कार्यमा प्राथमिकता दिंदै पर्यटन क्षेत्रको विकासका लागि पर्यटन पूर्वाधारमा जोड दिइनेछ।

226. वडा नं ४ मा रहेको सवारीकोटमा होमस्टे कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ भने अन्य स्थानमा सम्भाव्यता अध्ययन गरिनेछ।

227. पर्यटकीय क्षेत्रको प्रचार प्रसार एवं सूचना सामग्रीलाई व्यवस्थित गर्न पर्यटन सूचना केन्द्रलाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

228. नगरभित्र निर्मित जलाशयहरुलाई पर्यटन गन्तव्यको रुपमा विकास गर्न निजीक्षेत्रको सहकार्यमा व्यवसायिक क्रियाकलाप सञ्चालन गरिनेछ।

229. रोजगारी तथा आयआर्जनको आकर्षक क्षेत्रको रुपमा विकास गर्न हस्तकला, चित्रकला सम्बन्धी सीप अभिवृद्धि गर्ने कार्यमा जोड दिइनेछ।

**नगरसभाका सदस्य ज्यूहरु,**

230. वेरोजगार युवाहरुको तथ्याङ्क संकलन गरी उनीहरुको रुचि र क्षमता अनुसार उद्यमशीलता विकास गर्न तालिम सञ्चालन गरिनेछ।त्यस्ता उद्यमीहरुलाई उद्योग व्यवसाय स्थापना गर्न आवश्यक पूँजीको परिचालन गर्न वित्तीय संस्थाहरुसँग सहकार्य गरिनेछ।

231. नयाँ लघु उद्यमी सिर्जना तथा पुराना लघु उद्यमीहरुको स्तरोन्नतिका लागि सकारात्मक सोच तथा उद्यमशीलता विकास तथा प्राविधिक सीप विकास तालिम दिइनेछ।

232. लघु उद्यम व्यवसाय स्थापना, संचालन विकास तथा प्रवर्द्धनका लागि प्राविधिक सीपमुलक तालिम तथा आवश्यक यान्त्रिक उपकरणहरु उपलब्ध

गराइ लघु उद्यमीहरुलाई वित्तीय सेवा तथा बजारीकरणमा पहुँचका लागि विविध परामर्श सेवा उपलब्ध गराईनेछ।

233. वडा नं ५ पाण्डवेश्वर धाम परिसरमा निर्माण भएको कोशेली घर सञ्चालनमा ल्याइ स्थानीय उत्पादनको बिक्रिलाई प्रोत्सहान गरी अन्य स्थानमा साझा सुविधा केन्द्र (उद्यम घर) तथा कोसेली घर स्थापना तथा संचालन गर्न पहल गरिनेछ।

234. कृषि उपज तथा स्थानीय उत्पादित बस्तुहरुको बिक्री वितरण गर्न सबै वडामा जग्गा पहिचान गरी हाटबजार सञ्चालनका लागि पहल गरिनेछ ।

235. स्थानीय उत्पादित बस्तु तथा सामाग्रीहरुको अधिकतम प्रयोगमा जोड दिँदै उत्पादित बस्तुहरुको प्याकेजिङ तथा ब्रान्डिङ जस्ता कार्य गर्न उद्यमीहरुको क्षमता अभिवृद्धि गरिनेछ।

236. कृषि उपज तथा बस्तुहरु लघु उद्यमीहरुबाट निर्मित बस्तु तथा उपजहरुको व्यवस्थापनका लागि औधोगिक ग्रामको डि.पी.आर. तयार गरी पूर्वाधार निर्माणका लागि पहल गरिनेछ ।

237. **"वस्तु र सेवामा गुणस्तरीयता, उपभोक्ताको हकहितमा सुनिश्चितता"** भन्ने नाराका साथ उपभोक्ताको हक हितको लागि बिभिन्न माध्यमबाट चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

238. बजारमा गुणस्तरीय वस्तु तथा सेवाको नियमित आपूर्ति, सामानको परिणाम तथा गुणस्तर र मूल्यसूची राख्ने व्यवथालाई प्रभावकारी बनाउन उपभोक्ता हितसँग सम्बद्ध संघसंस्था र अन्य सरोकारवाला समेतको संलग्नतामा बजार अनुगमनलाई निरन्तरता दिइनेछ।

239. उपभोक्ता हित संरक्षण गर्न स्थानीय अनुगमन समितिका पदाधिकारीहरुको क्षमता अभिवृद्धि गरी उपभोक्ताको हक हित सम्बन्धी ऐन कानून र अन्तरराष्ट्रिय पद्धतिका विषयमा तालिम, प्रशिक्षण दिई सक्रिय बनाइनेछ।

240. अत्यावश्यक वस्तुहरूको संचयका लागि गोदाम घर, शीत भण्डार र पहुँच प्रबर्द्धन गर्न निजी क्षेत्र तथा सहकारी संघसंस्थालाई प्रोत्साहित गरिनेछ।

241. दैनिक आवश्यक उपभोग्य वस्तु तथा खाद्यान्न जस्तैःदुध, तरकारी, मासु, तेल जस्ता बस्तुको गुणस्तर जाँच गर्ने प्रबिधि र प्राबिधिकको व्यवस्था गर्ने कार्य अगाडी बढाइनेछ साथै स्थानीय रुपमा परीक्षण गर्न नसकिने वस्तुहरुको परीक्षणका लागि प्रदेश तथा संघीय प्रयोगशालामा पठाइने कार्यलाई निरन्तरता दिइने छ।

242. भूमिको वैज्ञानिक वर्गिकरण गरी भू-उपयोग योजनाको प्रभावकारी कार्यान्यन गरिनेछ।

243. भूमिहीन दलित र भूमिहीन सुकुम्वासीहरुलाई जग्गा उपलब्ध गराउन र अब्यवस्थित बसोवासीहरुलाई जग्गा ब्यवस्थापन गर्न संकलित लगतलाई राष्ट्रिय भूमि आयोगको प्रणालीमा प्रविष्टि गर्ने कामतदारुकताका साथ अगाडी बढाईनेछ।

244. राष्ट्रिय भूमि आयोगको प्रणालीमा लगत प्रविष्टिगर्ने काम संगसंगै नापनक्शाका लागि प्रि या अगाडी बढाईनेछ।नापजाँचको प्रक्रियामा सहजता ल्याउनको लागि Differntial Global Positioning System(DGPS) प्रविधिको माध्यमबाट आवश्यकता अनुसार नियन्त्रणविन्दु (Control Point) को स्थापना गरी नापजाँचको कार्य अघि बढाईनेछ।

245. नगर क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाहरुको लगत तयार गरी संरक्षण गरिनेछ र जग्गा प्लटिङ्ग कार्यलाई नियमन गरी अनधिकृत जग्गा प्लटीङ्गलाई निरुत्साहीत गरी कृषी योग्य जग्गाको संरक्षण गरिनेछ।

**नगरसभाका सदस्य ज्यूहरु,**

246. अन्तरसरकारी समन्वय तथा सहजीकरणको लागि अन्तर सरकारी समन्वय तथा सहजीकरण समिति गठन गरि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २६ अन्तर्गत क्षेत्रहरु संग सम्बन्धीत सम्भावित साझा लगानीका परियोजनाहरुको रोष्टर तयार गरि प्राथमिकताका आधारमा योजनामा समावेश गरिनेछ ।

247. जिल्ला समन्वय समिति, गैर सरकारी संस्था लगायत सरोकारवालाहरुसंगको समन्वय र सहकार्यलाई प्रभावकारी बनाइनेछ।

248. छिमेकी तथा मित्र राष्ट्रका नगरपालिकासँग भगिनि सम्बन्ध स्थापना गर्न पहल गरिनेछ ।

249. तोकिएको समयभित्र परिचयपत्र नविकरण नगरी सामाजिक सुरक्षा भत्ताबाट बञ्चित हुन नदिन लाभग्राहीहरुका लागि परिचय पत्र नवीकरण गर्न सञ्चार माध्ययमबाट सूचना सम्प्रेशणलाई प्रभावकारी बनाइनेछ।

250. घटना घटेको ३५ दिन भित्र घटना दर्ता गर्ने कानूनी व्यवस्थालाई पूर्ण कार्यान्यन गर्न विशेष कार्यक्रमहरु संचालन गरी व्यक्तिगत घटना दर्ता सम्बन्धी घटना दर्ता सप्ताह सबै वडाहरुमासञ्चालन गरिनेछ।

251. आ व २०८०।८१ देखि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको बैंक खातामा बिद्युतीय भुक्तानी प्रणाली (EFT) मार्फत सोझै रकम जम्मा हुने गरी भुक्तानी हुने व्यवस्था गरिनेछ।

252. नगरपालिकाको सन्तुलित विकासयात्रालाई दिशानिर्देश गर्न क्षेत्रगत योजना आबधिक योजना तथा मध्यकालिन खर्च संरचना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।साथै परियोजना बैंक तयार गरी आयोजनाको प्राथमिकीकरण गरिनेछ।

253. साना साना आयोजनामा बजेट विनियोजन भई उल्लेख्य परिणाम दिन नसकेको परिप्रेक्ष्यमा प्रत्येक वडामा कम्तिमा ५०/५० लाखका दुईवटा वा एक करोडका एउटा आयोजना सञ्चालन गरिनेछ।

254. योजना संचालन तथा कार्यान्वयनका क्रममा दिगोपना, गुणस्तरीयता, परिणाम मुखीर जनमुखी वनाउन उपभोक्ता समितिका पदाधिकारीहरुलाई तालिम दिई योजनाको निर्माण कार्य शुरु गराइनेछ।

255. उपभोक्ता समिति मार्फत निर्माण गरिने योजनाहरु मंसिर मसान्तसम्म सम्झौता सम्पन्न गरिसक्नुपर्ने उक्त समय भित्र सम्झौता हुन नसकेका योजनाहरु ठेक्का प्रकृया मार्फत संचालन गरिनेछ।साथै उपभोक्ता समितिबाट निर्मित संरचनाहरुको कार्य सम्पन्न पश्चात हस्तान्तरण गरी दीगोपनाको लागि मर्मत संभार कार्यमा उपभोक्ता समितिलाई नै जिम्मेवार बनाइनेछ।

256. निर्माण कार्यमा प्रयोग हुने सामाग्री तथा निर्मित संरचनाको गुणस्तर परीक्षण गर्न उप-महानगरपालिकाको आफ्नै प्रयोगशाला स्थापना गर्न आवश्यक पुर्वाधार तयारीको सुरुवात गरिनेछ।

257. **"स्वेच्छिक कर सहभागितामा अभिवृद्धि, सुशासन विकास र समृद्धि"** भन्ने नाराका साथकरदाता शिक्षा तथा सचेतना कार्यक्रमका साथै उत्कृष्ट करदातालाई सम्मान गर्ने कार्यक्रमलाइ निरन्तरता दिइनेछ।

258. कर संकलनमा वडा कार्यालयको सक्रियता बढाउन चालु आर्थिक वर्ष २०७९/८०मा संकलित राजस्व भन्दा बढी राजस्व संकलन गर्ने वडाहरुलाई संकलन भएको बढी राजस्वको १० प्रतिशत रकम सोही वडाको विकास निर्माणमा खर्च गरिने व्यवस्था मिलाइनेछ।

259. वडा कार्यालयले सम्पत्ति कर असुल गर्दा घर बहालमा लगाए नलगाएको सम्बन्धमा वडाका जनप्रतिनिधिबाट प्रमाणित भए बमोजिम कर लिने व्यवस्था गरिनेछ।

260. **"पक्की होस वा कच्ची घर सबैले बुझाऔँ सम्पत्ति कर"** भन्ने नाराका साथ सबै नगरबासीलाई सम्पत्ति करको दायरामा ल्याउन वडा-वडा अभियान सञ्चालन गरिनेछ। साथै उपमहानगरपालिकाका सबै बजार क्षेत्र तथा वडामा

व्यबसाय दर्ता, नबिकरण तथा घर बहाल कर संकलन अभियान, राजस्व गस्ती परिचालन जस्ता कार्यलाई निरन्तरता दिई राजस्व चुहावटलाई शून्यमा झार्दै करका थप नयाँ क्षेत्र पहिचान गर्ने कार्य समेत गरिनेछ।

261. महालेखा नियन्त्रक कार्यालयद्धारा स्थानीय तहका लागि प्रयोगमा ल्याइएको संचित कोष व्यवस्थापन प्रणाली (राजस्व संकलन) लाई प्रयोगमा ल्याइनेछ।

262. राजश्व व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन तालिम मार्फत जनशक्तिको क्षमता अभिवृद्धि, ज्ञान सिप र प्रबिधिको बिकास गरिनेछ।अनलाइन राजस्व भुक्तानी प्रणाली तथा मोबाइल बैङ्गिक मार्फत राजस्व तिर्न सकिने व्यवस्था शुरुवात गरिनेछ।

**नगर सभाका सदस्य ज्यूहरु,**

263. कृषिक्षेत्रको व्यवसायिकरण, सीपमूलक तालिम, उद्यमशीलताको विकास रघरेलु तथा साना उद्योगको प्रवर्द्धन गरी स्वदेशमा नै रोजगारीको अवसर सिर्जना गरी युवा जनशक्तिलाई स्वदेशमानै काम गर्ने अवसरकोसिर्जना गरिनेछ।

264. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई रोजगारी, सीप विकास र उद्यमशिलतासँग आबद्ध गरी एकिकृत रुपमा कार्यान्वयन गरिनेछ।

265. वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र उपलब्धिमूलक बनाउन समुदाय स्तरमा वैदेशिक रोजागरी सम्बन्धी नागरिक सचेतना कार्यक्रमहरु सञ्चालन गरी तीन बर्ष भित्रमा घोराही उपमहानगरपालिकालाई सुरक्षित बैदेशिक रोजगार स्थानीय तह घोषणा गरिनेछ।

266. बैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र प्रतिष्ठित बनाउन संघीय सरकार प्रदेश सरकार, वैदेशिक रोजगार वोर्ड र बैदेशिक रोजगारसँग सरोकार राख्ने निकायहरुसँगको समन्वय तथा लागत साझेदारीमा आप्रवासी कामदार र उनीहरूको परिवारलाई लक्षित गरी सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना

प्रवाह, मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता र सीप अभिवृद्धिगर्ने तथा आप्रवासी कामदारहरुले वैदेशिक रोजगारीको दौरानमा सिकेका सीप तथा व्यवसायिक ज्ञान प्रयोग गरी स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने कार्यक्रमहरु संचालन गरिने छ।

267. श्रम र रोजगारीको क्षेत्रको समुचित व्यवस्थापनको लागि सुरक्षित आप्रवासन कार्यविधिलाई प्रभावकारी कार्यान्वयन गर्न कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ। स्वरोजगार, आन्तरिक रोजगार साथै वैदेशिक रोजगारसँग सम्बन्धित विषयलाई व्यवस्थित गर्ननगरपालिकाको संगठन संरचनामा श्रम तथा रोजगार शाखा विस्तार गरी एकिकृत रुपमा आवश्यक सेवाहरु प्रवाह गरिनेछ।

268. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको प्रोफाइल अध्यावधिक गरी उनीहरुको ज्ञान सीप अनुभव पूँजी र प्रविधिलाई उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ।

269. **"सामाजिक न्यायको बाटोमाः न्यायिक समिति तपाईको साथमा"** भन्ने नाराका साथ विपन्न, अशक्त, पहुँच र अवसरबाट बञ्चित भएका नागरिकहरुलाई न्यायमा पहुँच पुर्याउने उद्देश्यले न्यायिक घुम्ती शिविर कार्यक्रम सञ्चालन गरिनुका साथै कानून कार्यान्वयनलाई प्रभावकारी बनाउने उद्वेश्यले सरोकारवाला पक्षसँग अन्तरक्रिया र नागरिकको लागि कानूनी साक्षरता कार्यक्रम सञ्चालन गरिने छ।

270. उपमहानगरपालिकामा सूचीकृत मेलमिलापकर्ताहरुको कार्यदक्षता थप प्रभावकारी बनाउन मेलमिलापकर्तालाई क्षमता अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिइनेछ।

271. न्यायिक समितिको प्रगति सम्बन्धी त्रैमासिक रुपमा पत्रकार सम्मेलन मार्फत सरोकारवालालाई जानकारी गराउने कार्यलाई निरन्तरता दिइनेछ।

272. पीडित, असहाय र अशक्तलाई निःशुल्क कानुनी सहायता तथा पुर्नस्थापना गर्न पुर्नस्थापना कोषलाई निरन्तरता दिइनेछ।

**नगर सभाका सदस्य ज्यूहरु,**

273. नगरपालिकाबाट प्रवाह गरिने सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउन प्रशासनिक संयन्त्र चुस्त दुरुस्त बनाइ कर्मचारीहरुको आवश्यकताको आधारमा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

274. कर्मचारीहरुलाई नतिजामूखी बनाउनको लागि कार्य जिम्मेवारी अनुसार शाखागत रुपमा सूचक तयार गरी सबै शाखा प्रमुखहरुसँग कार्यसम्पादन सम्झौता गरिनेछ।

275. जनप्रतिनिधि तथा सबै कर्मचारीहरुलाई सार्वजनिक खरिदको सम्बन्धमा अभिमुखीकरण गरी खरिद कानूनको पालनामा जोड दिइनेछ।

276. नगरपालिकाबाट सम्पादन गरिने कार्य मितव्ययी प्रभावकारी नियमितता र कार्यदक्षता पूर्ण ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वासनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गरिनेछ।

277. उपमहानगरपालिकाको स्वामित्वमा रहेका भवन जग्गा तथा जिन्सी सामग्रीहरुको संरक्षण गर्ने तथा बर्गीकृत विवरण अद्यावधिक राखिनेछ।

278. स्थानीय तहको क्षेत्राधिकार रहेको विषयसँग सम्बन्धित बाँकी कानुन निर्माण तथा विद्यमान कानूनहरुको पुनरावलोकन गरी समायानुकुल परमार्जन गरिनेछ।

279. नागरिकहरुको सूचनाको हकलाई प्रवर्द्धन गर्न नगरपालिकाबाट सम्पादन भएका कार्यहरुलाई पारदर्शी बनाइ वेवसाइटमा प्रकाशनलाई निरन्तरता दिइनेछ।

280. नगरपालिकाबाट प्रवाह हुने सेवामा सूचना प्रविधिको अधिकतम प्रयोग गरी सेवा प्राप्त गर्ने नागरिकको समयको बचत र लागत न्यूनिकरण गरिनेछ।सेवाग्राहीहरुको गुनासो अनलाईन प्रणाली मार्फत व्यवस्थापन गरिनेछ।

281. कर्मचारीहरुको हाजिरी अभिलेखलाई व्यवस्थित गर्न नगरपालिकाबाट नै अनुगमन गर्ने गरी सबै वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा बिद्युतीय हाजिरी प्रणाली लागु गरिनेछ।

282. सार्वजनिक सुनुवाई, गुनासो सुनुवाई, सामाजिक परीक्षण, स्वत: प्रकाशन गर्न पर्ने सूचनाको प्रकाशन तथा विषयगत क्षेत्रका कार्यक्रमहरुको प्रभावकारिताको अध्ययन, प्रतिवेदन सार्वजनिक गरी सार्वजनिक जवाफदेहिता प्रबर्द्धन गरिनेछ।

283. नगरका गतिबिधिहरुलाई सबै नगरबासीहरुमा संप्रेषण गर्न तथा स्थानीय भाषाहरुको संरक्षण र प्रवर्द्धनको लागि हाम्रो नगर रेडियो कार्यक्रमलाई थारु, मगर लगायत अन्य स्थानीय भाषामा समेत प्रसारणलाई निरन्तरता दिइनेछ।

284. सामाजिक सञ्जालको प्रयोगबाट व्यक्ति परिवार तथा समाजमा परेको नकरात्मक असर तथा अपराधिक क्रियाकलाप न्यूनिकरण गर्न सामाजिक सञ्जाल प्रयोग सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

285. नेपाल पत्रकार महासंघ दाङ शाखासँग समन्वय र सहकार्य गरी पत्रकार महासंघको संस्थागत विकास, जिल्लाका पत्रकारहरुको क्षमता विकास र पत्रकारिता प्रवर्द्धनका लागि बिभिन्न क्रियाकलापहरुलाई निरन्तरता दिदै पत्रकारहरुका लागि लेखनवृत्ति विकास कार्यक्रम सञ्चालन गरिनेछ।

**नगरसभाका सदस्य ज्यूहरु,**

286. यस गरिमामाय नगर सभामा प्रस्तुत गरिएको प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट नगरवासीका आधारभूत आवश्यक्ताहरु

परिपूर्ती गरी जिवनस्तरमा गुणात्मक सुधार हुदै जाने, उपलब्ध स्रोतसाधनको अत्यूत्तम उपयोगबाट आर्थिक उन्नतिमा टेवा पुग्ने र विकासको मूलप्रवाहमा सबै बर्ग क्षेत्र, समूह, समुदायहरु समाहित भई समावेशिताको प्रवर्द्धन मार्फत स्थानीय लोकतन्त्र सुदृढ हुने बिश्वास लिएको छु।

287. उल्लेखित नीति तथा कार्यक्रम उपमहानगरपालिकाको एक्लो प्रयासबाट मात्र कार्यान्वयन गर्न सम्भव हुने छैन।यसका लागि संघ तथा प्रदेश सरकार, राजनितिक दल, नागरिक समाज, उद्योगी, व्यवसायी, सरकारी , गैरसरकारी क्षेत्र, संघ संस्था, टोल विकास संस्था, पेशाकर्मी बुद्धिजिवी, संचारकर्मी लगायत सबै नगरवासी, आमा बुबा दिदी बहिनी, दाजुभाईको सक्रिय साथ र सहयोग रहने बिश्वास लिएको छु।

288. अन्तमा घोराही उपमहानगरपालिकाको समग्र विकासमा महत्वपूर्ण योगदान गर्नुहुने जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दल, निजी क्षेत्र, सरकारी तथा गैर सराकरी क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, संचार जगत लगायत सम्पूर्ण नगरवासी आमाबुबा, दाजुभाई, दिदी बहिनीहरुमा हार्दिक धन्यबाद ब्यक्त गर्दछु।

**धन्यबाद!**

**इति सम्वत् २०८० साल आषाढ ०६ गते रोज ४ शुभम् ।**